## विशेष इजलास

**मा.न्या.श्री रामकुमार प्रसाद शाह, मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या.श्री तर्कराज भट्ट,** रिट नं. ०६८-WS-००१७, उत्प्रेषण समेत, *रोमनाथ न्यौपाने वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालय समेत*

समानता भनेको समानहरूका बीचको समानता नै हो । असमान अवस्थामा रहेका व्यक्तिहरू बीच समान व्यवहार गर्नु पनि असमान व्यवहार गर्नु सरह मानिन्छ । रिक्त रहेको कुनै तहको पदपूर्ति गर्दा आन्तरिक प्रतियोगिता र खुल्ला प्रतियोगिताको छुट्टै पद संख्या निर्धारण गर्ने कानूनी व्यवस्था कायम रहेपछि आन्तरिक प्रतियोगिता र खुल्ला प्रतियोगिताको लागि फरक योग्यता निर्धारण नगर्ने हो भने आन्तरिक प्रतियोगिता र खुल्ला प्रतियोगिताका बीचमा कुनै भिन्नता नै नरहने हुन्छ । सम्बन्धित सेवामा अनुभव भएका कर्मचारीहरूले माथिल्लो तहमा बढुवा हुने आफ्नो वृत्ति विकासको मौलिक हकबाट बञ्चित हुनुपर्ने अवस्था हुन्छ । यसरी कुनै ऐनको मुख्य उद्देश्य नै निष्प्रयोजित हुने गरी कानूनको व्याख्या हुन नसक्ने ।

राजश्व समूहभित्रको जनशक्ति स्वाभाविक रूपमा कर प्रशासनसँग सम्बन्धित भएकाले सोहीबमोजिमको शैक्षिक योग्यता भएको जनशक्तिको आपूर्ति गर्ने दृष्टिकोण राखिनु अस्वाभाविक होइन । तसर्थ निजामती सेवा ऐन, २०४९ को दफा २१ को उपदफा (१) र निजामती सेवा नियमावली, २०५० को नियम ८७ ले सेवा समूहका आधारमा सोही सेवा समूहसँग मिल्दो शैक्षिक योग्यता हुनुपर्ने भनी निर्धारण गरेको विषय संविधानको धारा १२, धारा १३ र धारा १८ सँग बाझिएको नदेखिने ।

राजश्व समूहको शाखा अधिकृत पदमा आन्तरिक प्रतियोगिताद्वारा बढुवाका लागि उम्मेद्वार हुनको लागि निजामती सेवा ऐन, २०४९ को दफा २१ को उपदफा (१) र निजामती सेवा नियमावली, २०५० को नियम ८७ मा तोकिएबमोजिमको शैक्षिक योग्यता निवेदकमा नभएको तथ्य स्थापित रहेको परिप्रेक्ष्यमा शैक्षिक योग्यता नपुगेको भन्ने आधारमा नै लोकसेवा आयोगले निजको दरखास्त फाराम तथा सम्पूर्ण परीक्षाहरू समेत रद्द गरी निजलाई अन्तर्वार्तामा समावेश नगर्ने भन्ने निर्णय गरेको देखिन्छ । त्यसरी बढुवा प्रयोजनका लागि आन्तरिक प्रतियोगितामा समावेश हुनका लागि कानूनले आवश्यक न्यूनतम् शैक्षिक योग्यता निश्चित् गरेको अवस्थामा तोकिएको योग्यता नै नपुगेको व्यक्तिले सो प्रतिस्पर्धामा आफूलाई समेत सहभागी गराउनु पर्ने भनी दावी गर्न मिल्ने नै हुँदैन । जुन पदको पूर्ति गर्ने प्रयोजनका लागि विज्ञापन गरिएको हो, सो पदका लागि आवश्यक न्यूनतम् योग्यता नपुगेका व्यक्तिलाई पदपूर्ति सम्बन्धी सम्पूर्ण प्रक्रियाबाट बाहेक गर्ने क्षेत्राधिकार लोकसेवा आयोगलाई हुने नै भएकाले लोकसेवा आयोगको सो निर्णय कानूनअनुरूप नै देखिने ।

इजलास अधिकृतः उमेश कोइराला
कम्प्युटरः विकेश गुरागाई
इति संवत् २०६८ साल मंसिर १५ गते रोज ५ शुभम् ।

- यसै प्रकृतिको रिट नं. ०६८-WS-००१८, उत्प्रेषण समेत, *कोमलराज निरौला वि. लोक सेवा आयोग, केन्द्रीय कार्यालय समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री सुशीला कार्की,** फौ.पु.नं. ०६४-CR-०४६६, ०५६९, ०४८९, भ्रष्टाचार, *श्रीकृष्ण श्रेष्ठ वि. नेपाल सरकार, भरतबहादुर बस्नेत वि. नेपाल सरकार, वीरेन्द्रनाथ लोहनी वि. नेपाल सरकार*

एल.सी. बाट ऋण प्रवाह गर्दा ऋणी प्रतिवादी केवलकृष्ण खन्ना मुख्य सञ्चालक रहेको नेपाल प्रोफेशनल गार्मेन्ट प्रा.लि.का नाममा खोलिएका अन्य विभिन्न मितिका एल.सी. मार्फत् लगानी भएको रकम भुक्तानी हुन बाँकी नै रहेको र त्यस्तो पूर्व मितिको एल.सी. मार्फत् लगानी गरिएको रकम असूल नहुँदै प्रतिवादी श्रीकृष्ण श्रेष्ठको दस्तखतबाट खोलिएका ३११००, ३१६७५ र ३२११६ को एल.सी. मार्फत् अभियोग दावीमा उल्लिखित कूल रू. २६,७८,३९५।२० रकम उही पार्टीलाई थप कर्जा

प्रवाह गरेको देखिन आउँछ। त्यसरी एल.सी. मार्फत् ऋण प्रवाह गर्दा ऋणी कम्पनीको लागि राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालयले तोकिदिएको विभिन्न कारोवारतर्फको ऋण लगानीको हद अर्थात् सीमा समेत प्रतिवादी कार्यरत् शाखा कार्यालयमा उपलब्ध गराइएको तथ्य मिसिल संलग्न कागजातहरूबाट देखिन्छ। तर उक्त ऋण कम्पनीलाई ऋण प्रवाह गर्दा विभिन्न शीर्षकको अधिकतम् सीमा के कति हो भन्नेतर्फ प्रतिवादीले यथासमयमा ध्यान दिई आफूले ऋण प्रवाह गर्नु पूर्व सो सीमा वा हद् स्वयं देखिने गरी कुनै अभिलेख राखेको वा सो ऋण कारोवारलाई त्यस्तो सीमासँग भिडाई यकीन गरेको भन्ने देखिँदैन। यसका अतिरिक्त पुनरावेदक प्रतिवादीले ऋणी प्रतिवादीसँग AOC कारोवार गर्दाका अवस्थामा सोभन्दा अगाडि विभिन्न समयमा एल.सी. खोली प्रवाह गरिएको विभिन्न शीर्षकको ऋणको असूलीतर्फ कुनै कारवाही गरेको पनि देखिँदैन। त्यस्तो पुरानो ऋण बाँकी छँदाछँदै आफ्नो कार्यकालमा थप एल.सी. खोली एउटै ऋणी पार्टीलाई पटक-पटक ऋण प्रवाद गर्दै जाँदा आफूले प्रवाह गरेको ऋण एवं पहिलेदेखिको बक्यौता ऋण असूलउपर हुन सक्ने गरी ऋणीको अचल सम्पत्ति छुट्टै धितो लिएको अवस्था पनि देखिँदैन। उल्लिखित एल.सी. मार्फत् ऋणी प्रतिवादीलाई कर्जा प्रवाह गरेको मितिमै सो कर्जा प्रवाहको अभिलेख अध्यावधिक रूपमा राख्नु पर्नेमा सो नगरी रकम भुक्तानी गरेको मितिभन्दा पछाडि मात्र सो कारोवार सम्बन्धित खातामा प्रविष्टि (Posting) गरेको अवस्था समेत मिसिल संलग्न राष्ट्रिय वाणिज्य बैंकबाट प्राप्त छानबीन प्रतिवेदनसहितका प्रमाण कागजहरूबाट देखिएको छ। यस्तो स्थितिमा ऋणी प्रतिवादीबाट ऋण प्रवाह भएकै दिनदेखि बैंकलाई प्राप्त हुने ब्याज समेतमा नकारात्मक असर पुगेको अवस्था देखिने।

ऋण प्रवाह गर्दा अनिवार्य रूपमा धितो लिई सुरक्षित रूपमा लगानी गर्नुपर्ने पदीय कर्तव्यविपरीत बिना धितो एउटै पार्टीलाई पहिलेदेखिको ऋण असूल हुन बाँकी रहेकै अवस्थामा पटक-पटक एल.सी. खोल्दै थप ऋण प्रवाह गर्नुबाट निजले असल नियतसाथ सो विवादित प्रतीतपत्रहरू खोलेको नदेखिई ऋणी प्रतिवादीसँग मिलेमतो गरी बैंकलाई हानि नोक्सानी पुर्‍याउने समेतको बद्नियत राखी सो कार्य गरेको मान्नुपर्ने।

पहिला नै प्रवाह भएको ऋणबापत राखिएको धितोलाई नै पछिबाट एल.सी. खोल्दा आधार बनाई एकपछि अर्को गर्दै थप एल.सी. खोली अनवरत रूपमा ऋण प्रवाह गर्ने तर त्यसरी ऋण प्रवाह गर्दा सो ऋण र बैंकले ऋण असूल गर्नुपर्ने गरी तोकिएको म्यादसम्म हुन आउने ब्याज समेत खाम्न सक्ने गरी छुट्टाछुट्टै धितो भने नलिनुबाटै प्रतिवादीको असल नियत रहेको मान्न नसकिने।

पुनरावेदक प्रतिवादीहरू श्रीकृष्ण श्रेष्ठ, भरतबहादुर बस्नेत र वीरेन्द्रनाथ लोहनीको पालामा प्रतिवादीमध्येका केवलकृष्ण खन्ना मुख्य सञ्चालक रहेको नेपाल प्रोफेशनल गार्मेन्टस् प्रा.लि. का नाममा गरिएको कर्जाको कारोवारहरूमा बैंकिङ्ग नियम नीति एवं मिति २०४८।१२।३० को परिपत्र नं. ३१।०४८।०४९ र तत्पश्चात् जारी भएका विभिन्न परिपत्रहरू समेतको पालना नभई अनियमित रूपमा कर्जा प्रवाह गरी राष्ट्रिय वाणिज्य बैंकलाई गैरकानूनी रूपमा हानि नोक्सानी र ऋणी प्रतिवादीलाई गैरकानूनी लाभ पुग्न गएको देखिँदा पुनरावेदक प्रतिवादीहरू श्रीकृष्ण श्रेष्ठ, भरतबहादुर बस्नेत र वीरेन्द्रनाथ लोहनीलाई तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) को कसूरमा सोही ऐनको दफा ७(२) र २९(२) बमोजिम जनही रू. ५०००।- (पाँचहजार) जरीवाना हुने।

इजलास अधिकृतः विदुर कोइराला
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६८ साल माघ २५ गते रोज ४ शुभम्।
यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- फौ.पु.नं. २०६४-CR-०४६४, भ्रष्टाचार, *श्रीकृष्ण श्रेष्ठ वि. नेपाल सरकार*
- फौ.पु.नं. २०६४-CR-०४६५ भ्रष्टाचार, *श्रीकृष्ण श्रेष्ठ वि. नेपाल सरकार*
- फौ.पु.नं. २०६५-CR-००९६, भ्रष्टाचार, *श्रीकृष्ण श्रेष्ठ वि. नेपाल सरकार*
- फौ.पु.नं. २०६५-CR-००९७, भ्रष्टाचार, *श्रीकृष्ण श्रेष्ठ वि. नेपाल सरकार*
- फौ.पु.नं. २०६५-CR-००९८, भ्रष्टाचार, *श्रीकृष्ण श्रेष्ठ वि. नेपाल सरकार*

- फौ.पु.नं. २०६५-CR-००९९, भ्रष्टाचार, *श्रीकृष्ण श्रेष्ठ वि. नेपाल सरकार*
- फौ.पु.नं. २०६५-CR-०१००, भ्रष्टाचार, *श्रीकृष्ण श्रेष्ठ वि. नेपाल सरकार*
- फौ.पु.नं. २०६५-CR-०१०१, भ्रष्टाचार, *श्रीकृष्ण श्रेष्ठ वि. नेपाल सरकार*
- फौ.पु.नं. २०६५-CR-०१०२, भ्रष्टाचार, *श्रीकृष्ण श्रेष्ठ वि. नेपाल सरकार*
- फौ.पु.नं. २०६५-CR-०१०३, भ्रष्टाचार, *श्रीकृष्ण श्रेष्ठ वि. नेपाल सरकार*
- फौ.पु.नं. २०६५-CR-०१०४, भ्रष्टाचार, *श्रीकृष्ण श्रेष्ठ वि. नेपाल सरकार*
- फौ.पु.नं. २०६५-CR-०१०५, भ्रष्टाचार, *श्रीकृष्ण श्रेष्ठ वि. नेपाल सरकार*
- फौ.पु.नं. २०६५-CR-०१०६, भ्रष्टाचार, *श्रीकृष्ण श्रेष्ठ वि. नेपाल सरकार*

२

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** दे.पु.नं. ०६५-CI-०१२६, परमादेश, *शंकरलाल चमार वि. बाँके जिल्ला अदालत, नेपालगञ्ज समेत*

प्रमाणमा आएको उक्त मोही जग्गा बाँडफाँड मुद्दाको सक्कलै मिसिल हेर्दा वादी भिखुप्रसाद लोहार समेत र प्रतिवादी शंकरलाल चमार समेत भएको २०६६ सालको मोही लगत कट्टा मुद्दामा मोही हकवापत कि.नं. ७८ को जग्गा लिनुदिनु गरी मिलापत्र गरिएको हुँदा प्रस्तुत मुद्दाबाट कुनै कारवाही गर्नु नपर्ने भएकोले तामेलीमा राखिपाऊँ भनी शंकरलाल चमारले निवेदन दिएको हुँदा तामेलीमा राखी दिने भनी भूमिसुधार कार्यालय, बाँकेबाट मिति २०६६।१२।२४ मा निर्णय भएको देखिन आउँछ । यसप्रकार मोही जग्गा बाँडफाँड मुद्दा नै भूमिसुधार कार्यालयबाट मिति २०६६।१२।२४ मा तामेलीमा रही सकेको देखिँदा सोही जग्गा बाँडफाँडको प्रयोजनको लागि रोक्का फुकुवा गर्न परेको हुँदा प्रस्तुत परमादेशको निवेदनको औचित्य समाप्त भैसकेको देखिने ।

इजलास अधिकृतः नारायण सुवेदी

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६८ साल माघ २६ गते रोज ५ शुभम् ।

३

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** दे.पु.नं. ०६८-CI-०२७३, परमादेश, *जनकपुर नगरपालिका कार्यालय, जनकपुर समेत वि. रामविशेश्वर शरण*

सार्वजनिक पानीघाटमा जाने बाटो निकास मिची प्रत्यर्थीमध्येको रामसेवक दासले निर्माण गरेको पर्खाल र पिलर भत्काउने ठहऱ्याई पुनरावेदक जनकपुर नगरपालिकाबाट मिति २०६०।९।२९ मा भएको निर्णय पुनरावेदन अदालत जनकपुरबाट मिति २०६२।८।२० मा सदर भएको भन्ने तथ्यमा विवाद देखिँदैन । सार्वजनिक बाटो मिची बनाएको पर्खाल र पिलर स्थानीय स्वायत्त शसन ऐन, २०५५ को दफा १६३(१) बमोजिम ३५ दिनभित्र आफैं भत्काउनु भनी नगरपालिकाले मिति २०६४।३।४ मा रामसेवक दासका नाममा जारी गरेको म्याद मिति २०६४।३।१५ मा तामेल भएको पनि देखिँदा उक्त म्यादभित्र सम्बन्धित पक्षले अनधिकृत रूपमा निर्माण गरेको पर्खाल र पिलर नभत्काए पछि स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६३(२) बमोजिम नगरपालिका स्वयंले भत्काई लाग्ने खर्च असूल गर्नुपर्नेमा सो कार्य नगरेका कारण आफैंले गरेको निर्णय वर्षौं व्यतीत हुँदासम्म कार्यान्वयन हुन सकेको देखिएन । यस स्थितिमा आदेश प्राप्त भएको ३० दिनभित्र फैसला कार्यान्वयन गर्नु भनी पुनरावेदन अदालतबाट परमादेश जारी गरिएको अन्यथा देखिन आउँदैन । पुनरावेदक जनकपुर नगरपालिका स्वयंले गरेको निर्णय कार्यान्वयन गर्नु स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६३(१) र (२) बमोजिम नगरपालिकाको कानूनी कर्तव्य हुने देखिन्छ । उपरोक्त कानूनबमोजिम आफ्नो निर्णय आफैं कार्यान्वयन गर्नुपर्नेमा नगरपालिकाले सो कानूनी दायित्व पूरा नगरेको कारण पुनरावेदन अदालतबाट परमादेश जारी भएको हुँदा स्रोत साधनको बहाना देखाई आदेश कार्यान्वयन गर्ने दायित्वबाट पन्छिन नमिल्ने ।

इजलास अधिकृतः नारायण सुवेदी

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६८ साल माघ २६ गते रोज ५ शुभम् ।

४

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** दे.पु.नं. ०६७-CI-०७२४, निषेधाज्ञा परमादेश, *टंकप्रसाद गौतम वि.जिल्ला शिक्षा अधिकारी, जिल्ला शिक्षा कार्यालय, दाङ समेत*

आफूलाई गैरकानूनीरूपमा प्रधानाध्यापक पदबाट हटाई काजमा रहेका भागवत पौडेललाई प्रधानाध्यापक नियुक्त गर्न लागेकोले निषेधाज्ञायुक्त परमादेश जारी गरिपाऊँ भनी मिति २०६६।२।२७ मा प्रस्तुत निवेदन परेको देखिन्छ। परन्तु प्रस्तुत निवेदन पर्नु अगावै विद्यालय व्यवस्थापन समितिको मिति २०६६।२।७ को निर्णयले निज भागवत पौडेललाई नि.प्र.अ. मा नियुक्त गरी निजले मिति २०६६।२।११ देखि सो पदअनुरूपको कामकाज समेत गरिसकेको भन्ने लिखित जवाफ र संलग्न कागज प्रमाणबाट देखिन्छ। यसरी जुन कार्य रोक्न निवेदक आएको हो सो कार्य निवेदन पर्नु पूर्व सम्पन्न भइसकेको यस स्थितिमा निषेधाज्ञाको आदेश जारी हुनसक्ने अवस्था देखिन आएन। निवेदकले परमादेश समेतको माग गरेतर्फ विचार गर्दा भागवत पौडेललाई नियुक्त गरिसकेको अवस्थामा सो नियुक्तिको निर्णय बदर नभएसम्म नियुक्त हुने व्यक्तिले काम गर्न पाउने नै हुँदा परमादेश समेत जारी हुन नसक्ने।

इजलास अधिकृतः नारायण सुवेदी

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६८ साल माघ २६ गते रोज ५ शुभम्।

५

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** दे.पु.नं. ०६७-CI-०९१९, निषेधाज्ञा, *लौटन पासी वि. प्रल्हाद सिंह समेत*

पुनरावेदक मोही रहेको भनिएको कि.नं. ३४५ को जग्गामा निजको सहमति स्वीकृतिबेगर प्रत्यर्थीहरूले गैरकानूनीरूपमा प्लटिङ्ग गर्ने, घर निर्माण गर्ने कार्य गरी मोही हकको उपयोगमा गैरकानूनी ढंगबाट असर पारेको भए त्यस्तो क्रिया विरूद्ध प्रचलित कानूनबमोजिम उचित कानूनी प्रक्रिया अवलम्बन गरी हक कायम गराउनुपर्ने हुन्छ। निषेधाज्ञा मुद्दाको रोहबाट विवादित जग्गाको मोही र जग्गाधनीबीचको सम्बन्धमा उत्पन्न दीर्घकालीन प्रकृतिको समस्या र त्यसबाट सिर्जित हकबेहकको विवाद निरोपण गर्न नमिल्ने।

इजलास अधिकृतः नारायण सुवेदी

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६८ साल माघ २६ गते रोज ५ शुभम्।

६

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री तर्कराज भट्ट,** २०६८-RC-०००६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. खड्गबहादुर भण्डारी*

वैज्ञानिक परीक्षण समेतबाट प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको बयान व्यहोरा समर्थित भएको अवस्थामा अदालतसमक्षको इन्कारी बयानलाई मात्र आधार बनाउन मिल्ने अवस्था रहँदैन। अधिकारप्राप्त अधिकारीसमक्षको साविती बयान व्यहोरालाई अन्य प्रमाणहरूले समर्थन गरेको अवस्थामा अदालतमा इन्कारी बयान गरेको भन्ने मात्र आधारमा अभियोग दावीबाट सफाइ पाउन नसक्ने।

घटनास्थल तथा लास जाँच मुचुल्का, बरामदी मुचुल्का र प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान व्यहोराका बीचमा सामञ्जस्य कायम भएको अवस्था देखिँदा प्रतिवादी खड्गबहादुर भण्डारीले मृतक शान्ता अर्याललाई खुर्पा प्रहार गरी कर्तव्य गरी मारेको भन्ने कुरा पुष्टि हुन आएको हुँदा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने।

इजलास अधिकृतः उमेश कोइराला

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६८ साल माघ १३ गते रोज ६ शुभम्।

७

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री तर्कराज भट्ट,** २०६५-CI-०३८४, ०३८५, लेनदेन, *चन्द्रकला कार्की वि. जिस्नुदेवी वस्ती, जिस्नुदेवी वस्ती वि. चन्द्रकला कार्की*

दृष्टिबन्धक राखेको जग्गा भोगचलन गरिपाउन वादीले कुनै उजूर नगरी बसेकाले सो बन्धकी लिखत कपालीमा परिणत भएको अवस्थामा लेनदेन व्यवहारको ४० नं. को हदम्याद आकर्षित हुन्छ भन्न नमिल्ने।

दृष्टिबन्धकको लिखतमा एक वर्षको मात्र ब्याज बुझाउने उल्लेख भई सोपछिको समयको ब्याज बुझाउने उल्लेख नभएको अवस्थामा वादीले लिखतमा उल्लेख भएको एकवर्षसम्मको मात्र ब्याज लिन पाउने भनी पुनरावेदक सुशीला देवीको मु.स. गर्ने मानबहादुर

कार्की र विपक्षी इन्द्रकमल श्रेष्ठ भएको २०५९ सालको दे.पु.नं. ८९२९ को मुद्दामा यस अदालतबाट मिति २०६४।८।२३ मा सिद्धान्त समेत प्रतिपादन भएको देखिँदा लिखत भएका मितिले एकवर्षसम्मको ब्याज दिलाई भराई पाउने ।

इजलास अधिकृतः कृष्णमुरारी शिवाकोटी

इति संवत् २०६८ साल माघ १९ गते रोज ५ शुभम् ।

८

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कमलनारायण दास,** रि.नं. २०६८-WH-००५५, बन्दीप्रत्यक्षीकरण, *हकमा कृष्णप्रसाद सिँह प्रधान वि. महानगरीय प्रहरी परिसर, जाउलाखेल, ललितपुर समेत*

निवेदिकाउपर केही सार्वजनिक अपराध मुद्दामा परेको जाहेरी दरखास्तका सम्बन्धमा अनुसन्धानको लागि रीतपूर्वक पक्राउ पूर्जी दिई पक्राउ गरिएको, पक्राउ गरिएको २४ घण्टाभित्रै मुद्दा हेर्ने अधिकारीसमक्ष पेश गरी निजबाट पटक पटक म्याद थप लिई थुनुवा पूर्जी दिइएको र अनुसन्धानको कार्य भैरहेको देखिन आएकोले त्यसरी प्रचलित कानूनबमोजिम अपराध अनुसन्धानको लागि रीतपूर्वक हिरासतमा राखिएको कामकारवाहीलाई गैरकानूनी रूपमा बन्दी बनाइएको भनी मान्न नमिल्ने ।

प्रचलित कानूनबमोजिम कसूर मानिने मुद्दामा अनुसन्धान गर्नका लागि रीतपूर्वक थुनुवा पूर्जी दिई पक्राउ गरिएको छ । मुद्दा हेर्ने अधिकारीबाट म्याद थप लिई थुनामा राखिएको देखिन्छ भने अनुसन्धानको औचित्य वा विषयवस्तुभित्र प्रवेश गरी अनुसन्धान प्रक्रिया प्रभावित हुने गरी हस्तक्षेप गर्न मिल्ने स्थिति हुँदैन । यस्तो पद्धति अवलम्बन गर्ने वा त्यसलाई प्रश्रय दिँदै जाने हो भने अपराध अनुसन्धानको कार्य सुचारू रूपले सम्पन्न गर्न असम्भव हुन जान्छ । त्यसैले बन्दीप्रत्यक्षीकरणको निवेदनको निरूपण गर्दा अदालतले थुना कानूनी वा गैरकानूनी के हो भन्ने कुरा मात्र मुख्य रूपले हेर्ने गर्दछ । प्रस्तुत विवादमा निवेदिकालाई गैरकानूनी थुनामा राखिएको मान्न मिल्ने स्थिति नदेखिने ।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६८ साल माघ २७ गते रोज ६ शुभम् ।

९

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कमलनारायण दास,** फौ.सा.नं. ०६८-RC-००२२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. चन्द्रबहादुर वि.क.*

शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण (Cause of Death) मा Severe head injury and blunt force injury to chest and abdomen भन्ने उल्लेख गरिएको छ । प्रतिवादी आफैंले मृतकलाई टाउको र छातीमा ढुंगाले प्रहार गरेको भनी उल्लेख गरेको सन्दर्भमा शव परीक्षण प्रतिवेदनले औंल्याएको तथ्यबाट प्रतिवादीको कथन पुष्टि हुन आएको छ । शुरू अदालतले कसूरदार ठहर गरेपछि प्रतिवादीको पुनरावेदन परेको पनि देखिँदैन । यसरी प्रतिवादीको साविती बयान व्यहोरालाई विष्णु रसाइलीले गरिदिएको कागजका साथै शव परीक्षण प्रतिवेदनबाट देखिएको घा चोटको स्थिति र मृत्युको कारण भनी उल्लेख भएको व्यहोरा समेतले पुष्टि हुन आएको स्थितिमा प्रतिवादी चन्द्रबहादुर वि.क. ले ९ वर्षको बालिका लक्ष्मी परियारलाई जवर्जस्ती करणी गरिसकेपछि मार्ने उद्देश्यले ढुंगाले टाउको र छातीमा प्रहार गरी कर्तव्य गरी मारी भीरबाट फालिदिएको भन्ने कुरा पुष्टि हुन आएको हुँदा निजलाई अभियोग दावीबमोजिम ज्यानसम्बन्धीको १३(३) नं. को कसूरमा सर्वश्वसहित जन्मैदको सजाय हुने ।

इजलास अधिकृतः उमेश कोइराला

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६८ साल फागुन २६ गते रोज ६ शुभम् ।

१०

**स.प्र.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री कमलनारायण दास,** फौ.सा.नं. ०६८-RC-००२३, कर्तव्य ज्यान, *नेपाल सरकार वि.शेरबहादुर गुरुङ*

प्रतिवादी स्वयंले बयानमा स्वीकार गरेका तथ्यहरू, जाहेरी व्यहोरा, जाहेरवालाको अदालतसमक्षको बकपत्र, अनुसन्धानका सिलसिलामा कागज गर्ने छोरीहरू ओमकुमारी र देउमायाको बकपत्र, घटनास्थल मुचुल्का र शव परीक्षण प्रतिवेदन समेतका मालाकार रूपमा जोडिएका र ती तथ्यहरूबीच एकआपसमा सामञ्जस्य स्थापित भएको अवस्थामा यी प्रतिवादी शेरबहादुर गुरुङको इन्कारी बयानकै भरमा निजलाई निर्दोष भनी मान्न नमिल्ने हुँदा प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको

दफा १३ (१) नं. र १३(३) को कसूरमा ऐ. १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ।
इजलास अधिकृतः उमेश कोइराला
इति संवत् २०६८ साल फागुन २६ गते रोज ६ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रेम शर्मा,** २०६७-WO-०५६२, उत्प्रेषणयुक्त परमादेश, *रोजन कर्माचार्य वि. नेपाल एसबिआई बैंक लिमिटेड, हात्तीसार, काठमाडौं समेत*

विपक्षी एसबीआई बैंकले बोलपत्र रद्द गरी पुनः बोलपत्र गर्ने निर्णय गरेपश्चात् पनि उक्त बैंकले शेयर बिक्री प्रवन्धक नागरिक लगानी कोषले मिति २०६७।८।१३ गते नेपाल धितोपत्र बोर्डसँग शेयरधनीले समेत बोलकबोलमा आवेदन दिएकोले बैंकको प्रवन्धपत्रबमोजिम साधारण शेयर धनीले ०.५ प्रतिशतभन्दा बढी शेयर धारण गर्न नमिल्ने देखिँदा शेयरधनीको कायम रहेको शेयरको सम्बन्धमा कुन मितिलाई आधार मानी शेयर बाँडफाँड गर्ने भनी राय सुझाव माग गरिएकोमा आवेदकले ०.५ प्रतिशतभन्दा बढी शेयर नहुने गरी आवेदन गरेको यकीन गरेर मिल्ने हदमात्र शेयर बिक्री गर्न सकिने भनी मिति २०६८।८।१४ मा नेपाल धितोपत्र बोर्डबाट नागरिक लगानी कोषलाई राय सुझाव प्रदान गरिएको देखिन्छ। बिक्री प्रवन्धक नागरिक लगानी कोषमा बसेको मिति २०६८।८।१४ को बैठकबाट एसबीआई बैंकको प्रवन्धपत्रको दफा ६(घ) को व्यवस्थाअनुसार ०.५ प्रतिशतभन्दा बढी कुनै पनि व्यक्तिले शेयर धारण गर्न नमिल्ने हुँदा यी रिट निवेदकको नाउँमा अघि नै शेयर रहेकोमा निजले बोलकबोलबाट ३३,८४७.१९ कित्ता शेयर रू. ७८६।- का दरले बाँडफाँड गर्दा प्राप्त गर्नसक्ने अन्य बाँकी कित्ता शेयर विपक्षीमध्येका कविकुमार टिवडेवाल समेतको नाउँमा बाँडफाँड हुने सिफारिशको निर्णय गरी मिति २०६८।८।२९ बाँडफाँड समितिको निर्णयानुसार अघिको बाँडफाँड रद्द गर्नुपर्ने नदेखिएकोले शेयर बाँडफाँड गर्नु, गराउनु भनी नेपाल धितोपत्र बोर्डबाट एसबिआई बैंकलाई पत्राचार गरी शेयर बाँडफाँडसम्बन्धी कार्य गरेकोमा एकपटक बैंकको सञ्चालक समितिले रद्द गर्ने निर्णय गरिसकेको बोलपत्रलाई के कुन कानून र नियमको आधारबाट पुनः कारवाहीलाई निरन्तरता दिई निर्णय गरिएको हो केही नखुलाई बाँडफाँड गरेको देखिएबाट विपक्षीको उक्त निर्णय र सोसम्बन्धी कामकारवाही कम्पनी ऐन, धितोपत्र ऐन समेतको शेयर बाँडफाँड सम्बन्धी प्रक्रियाको पालना गरी भएको देखिन आएन। यसरी प्रचलित कानूनको दायराभित्र नरही एकपटक बदर गर्ने निर्णय गरिसकेपश्चात् पुनः वितरण गर्ने भनी गरेको निर्णय कानूनसम्मत्को देखिन नआउने।

विपक्षी एसबीआई बैंक लिमिटेडको मिति २०६७।८।२० को निर्णयानुसार पुनः बोलपत्र आव्हान भएको अवस्थामा रिट निवेदक समेत सहभागी हुन पाउने अवस्था हुन्छ। एसबीआई बैंकको सञ्चालक समितिबाट एकपटक बोलपत्र रद्द गरी सकिएको भनी निर्णय गरेपछि पुनः बोलपत्र आव्हान नगरी एकपटक रद्द गरिसकेको विषयका सम्बन्धमा पुनः शुरूबाट कारवाही प्रारम्भ नगरी त्यसैलाई निरन्तरता दिने विपक्षी नेपाल धितोपत्र बोर्डको मिति २०६७।८।१४ को राय सुझाव, शेयर बिक्री प्रवन्धक नागरिक लगानी कोषको शेयर बाँडफाँडको सिफारिश निर्णय नेपाल धितोपत्र बोर्डले मिति २०६७।८।२९ को पत्रबाट शेयर बाँडफाँड गर्नु गराउनु भनी एसबीआई बैंकलाई लेखेको पत्र समेतका शेयर बाँडफाँड सम्बन्धी सम्पूर्ण निर्णय एवं पत्राचारहरू प्रचलित कानूनप्रतिकूल देखिई त्रुटिपूर्ण हुँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०६८ साल फागुन २२ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री प्रेम शर्मा,** २०६७ सालको रिट नं. WO-०८९४, उत्प्रेषण परमादेश समेत, *सुन्दर लोनिया वि. भूमिसुधार कार्यालय, नेपालगञ्ज बाँके समेत*

विवादित कि.नं. ३७८/१४८७ को जग्गाको साविक मोही भिखु लोनियाको मृत्यु भई निजको एकासगोलको जेठो छोरा गोपाल लोनियालाई जग्गाधनीले मोही पत्याई निजको नाममा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) बमोजिम मोही नामसारी भएको देखिएको, निज गोपाल लोनिया यी निवेदकका एकाघरको दाजु रहेको भन्ने कुरालाई निवेदकले पनि स्वीकार गरेकै देखिएको तथा कानूनअनुरूप विवादको जग्गामा कायम मोहीले

आफ्नो हकवापत् जग्गाधनीबाट नगर्दै बुझी लिई मोही लगत कट्टा गर्न माग गरेअनुरूप मोही लगत कट्टा हुने गरी मिति २०५८।१०।१० मा नै भएको अन्तिम निर्णय बदर गराइपाऊँ भनी त्यस्तो जग्गामा कुनै कानूनी हक अधिकार नै नरहेका यी निवेदकले निर्णय भएको झण्डै ८ वर्ष पछि अनुचित रूपमा विलम्ब गरी सो निर्णय बदर गरिपाऊँ भनी दिएको फिराद दर्ता गर्न नमिल्ने भनी विपक्षी भूमिसुधार कार्यालय, बाँकेबाट भएको मिति २०६६।११।१४ को दरपीठ आदेश सदर गर्ने गरी भएको पुनरावेदन अदालत नेपालगञ्जको मिति २०६७।१।२ को आदेशमा कुनै कानूनी त्रुटि रहेको नदेखिएकोले रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः रामप्रसाद शर्मा

कम्प्युटरः रामशरण तिमिल्सिना

इति संवत् २०६८ साल पुस १३ गते रोज ४ शुभम्।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६७ सालको रिट नं. WO-०८९५, उत्प्रेषण परमादेश समेत, *सुन्दर लोनिया वि. भूमिसुधार कार्यालय, नेपालगञ्ज बाँके समेत*
- २०६७ सालको रिट नं. WO-०८९६, उत्प्रेषण परमादेश समेत, *सुन्दर लोनिया वि. भूमिसुधार कार्यालय, नेपालगञ्ज बाँके समेत*
- २०६७ सालको रिट नं. WO-०८९७, उत्प्रेषण परमादेश समेत, *सुन्दर लोनिया वि. भूमिसुधार कार्यालय, नेपालगञ्ज बाँके समेत*
- २०६७ सालको रिट नं. WO-०८९८, उत्प्रेषण परमादेश समेत, *सुन्दर लोनिया वि. भूमिसुधार कार्यालय, नेपालगञ्ज बाँके समेत*
- २०६७ सालको रिट नं. WO-०८९९, उत्प्रेषण परमादेश समेत, *सुन्दर लोनिया वि. भूमिसुधार कार्यालय, नेपालगञ्ज बाँके समेत*
- २०६७ सालको रिट नं. WO-०९००, उत्प्रेषण परमादेश समेत, *सुन्दर लोनिया वि. भूमिसुधार कार्यालय, नेपालगञ्ज बाँके समेत*

३

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६८-WO-०२७०, परमादेश समेत, *केशवप्रसाद बराल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदक केशवप्रसाद बराललाई संवैधानिक परिषद्बाट सिफारिश गरी संसदीय सुनुवाइबाट अनुमोदन भई नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११९(२) बमोजिम सम्माननीय राष्ट्रपतिबाट मिति २०६६।१०।७ मा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको आयुक्त पदमा नियुक्ति गरिएको तर हालसम्म शपथग्रहण नगराइएको कारणबाट निज निवेदकको पदबहाल गर्न नपाएको हुँदा निजलाई संविधान एवं कानूनले तोकेको जिम्मेवारी बहन गर्ने अवसरबाट र निजलाई कानूनले प्रदान गरको पारिश्रमिकलगायतका सुविधाहरू प्राप्त गर्ने अधिकारबाट बञ्चित गरिएको मान्नुपर्ने हुन आयो। साथै यस्तो निष्क्रियताको परिणामस्वरूप संविधानले सिर्जना गरेका राज्यका संवैधानिक अंग यसरी अस्वभाविक रूपले लामो समयसम्म पदाधिकारीविहीन हुनु संविधानको भावना र मनसायअनुकूल हुने समेत भएन। अतः नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४९ अनुसार गठित संवैधानिक परिषद्को निर्णयबाट सिफारिश भई व्यवस्थापिका संसदको संसदीय सुनुवाई विशेष समितिबाट सार्वजनिक सुनुवाई समेत गरी मिति २०६६।१०।७ मा सम्माननीय राष्ट्रपतिबाट नियुक्ति भएर पनि शपथग्रहण हुन नसकेको कारणले यति लामो समयसम्म कार्यभार सम्हाल्न नपाउने भन्ने कुरा नियुक्ति गर्ने पदाधिकारी, संविधान र कानूनले कल्पना नगरेको परिस्थिति देखिन आएको छ। अतयवः अख्तियार दुरूपयोग अनुसन्धान आयोगको आयुक्तको शपथ सम्बन्धमा हाल परेको कानूनी अड्चन फुकाउने सम्बन्धमा प्रमुख आयुक्तको नियुक्ति हुन सके चाँडै गरी र सो हुन नसकेमा कानून समेतमा तत्काल संशोधन गर्नुपर्ने भए सो समेत गरी निवेदकलाई नियुक्त गरिएको पदमा यथाशीघ्र शपथग्रहण गर्ने, गराउने व्यवस्था गरी निजलाई नियुक्त गरिएको पदमा कार्यभार सम्हाल्न दिनु भनी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायतका सबै विपक्षीहरूको नाममा परमादेश जारी हुने।

इजलास अधिकृतः कमलप्रसाद पोखरेल

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०६९ साल बैशाख ६ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री गिरीश चन्द्र लाल,** २०६६-CR-०६६०, कर्तव्य ज्यान, *विजय नेसुर (तामाङ) वि. नेपाल सरकार*

मृतक कमल घलान फोक्सोको दीर्घ रोगी भई निजको मृत्युको कारण Chronic Lung Disease, Aggravated by Blunt Force Head Injuries and Hypothermia भन्ने देखिए तापनि निजलाई मरणासन्न कुटपीट नगरिएको भए ० डिग्री सेन्टिग्रेट चीसोमा रात बिताउन पर्ने अन्य अवस्था तथा आधार र कारण देखिँदैन । बेहोस् पारी अत्यधिक चीसोमा छाडेको हुँदा निजको फोक्सोको रोगलाई बढी प्रभाव परेको कारणबाट निजको मृत्यु भएको भन्ने देखिन आएकोले कुटपीटको मुख्य जरियाबाट नै मृतक कमल घलानको मृत्यु भएको देखिन आएबाट निज प्रतिवादी विजय नेसुरले आरोपित कसूर गरेको ठहर्‍याई निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

मृतक कमल घलानलाई मार्नुपर्नेसम्मको पूर्व रीसइवी नदेखिएको, घटनामा धारिलो तथा संगीन हातहतियारको प्रयोग भएको पनि नदेखिएको, निज प्रतिवादी विजय नेसुरको पूर्व आपराधिक अभिलेख पनि नभएको मृतकको शव परीक्षण प्रतिवेदनबाट निज मृतकको मृत्युको कारणमा यी प्रतिवादीको कुटपीट पनि कारण भएको देखिन आए पनि निज मृतक फोक्सोको दीर्घ रोगी भई घटना भएको रातमा चिसोमा रहेको कारण समेतबाट निजको मृत्यु हुन गएको भन्ने देखिन आउनुको अतिरिक्त यी पुनरावेदक प्रतिवादी २२ वर्षको युवक भई निजको आश्रित परिवार तथा निजका नाबालक बालबालिकाको भविष्य समेतलाई विचार गर्दा यी पुनरावेदक विजय नेसुरलाई व्यक्त गरिएको १०(दश) वर्ष कैदको सजाय गर्दा पनि चर्को पर्ने हुँदाको मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम कैद वर्ष ८ (आठ) कायम हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०६८ साल माघ १८ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री दामोदरप्रसाद शर्मा र मा.न्या.श्री भरतराज उप्रेती,** २०६४-WO-०२०२, उत्प्रेषण परमादेश, *जगदिशप्रसाद चौहान वि. व्यवस्थापन समिति, नेपाल बैंक लिमिटेड प्रधान कार्यालय समेत*

सजाय गर्ने अधिकारीले कुनै कर्मचारीलाई सजाय गर्ने आदेश दिनुभन्दा अघि कारवाही गर्न लागिएको कारण उल्लेख गरी सो कर्मचारीलाई १५ दिनको म्याद दिई आफ्नो सफाइ पेश गर्ने मौका दिनुपर्ने हुन्छ । यसरी मौका दिँदा निजमाथि लगाइएको आरोप स्पष्ट रूपले किटिएको र प्रत्येक आरोप कुन कुन कुरा र कारणमा आधारित छ सो समेत खुलाउनु पर्ने हुन्छ । विभागीय सजायको आदेश दिने अधिकारीले सफाइ पेश गर्न दिइएको म्यादभित्र आरोपित कर्मचारीले सफाइ पेश नगरेमा वा पेश हुन आएको स्पष्टीकरण सन्तोषजनक नभएमा पुनः ७ दिनको म्याद दिई स्पष्टीकरण माग्नुपर्ने उल्लेख रहेको छ । नेपाल बैंक लिमिटेड कर्मचारी विनियमावलीअनुसार कुनै कर्मचारीलाई विभागीय कारवाही गरी सेवाबाट अवकाश दिँदा परिच्छेद् १२ बमोजिमको सजायसम्बन्धी कार्यविधि अपनाउनु पर्ने नै हुन्छ । विनियमावलीको विनियम ९.५ को गयल खारेजमा सेवाबाट अवकाश दिँदाको अवस्थामा विनियम १२.१० आकर्षित नहुने भन्ने देखिँदैन । विभागीय कारवाही गर्दाको सिलसिलामा गयल खारेजीमा कारवाही गर्दा पनि विनियमावलीको परिच्छेद् १२ ले निर्दिष्ट सजायका कार्यविधिलाई बाहेक गरेको खण्डमा उक्त विभागीय कारवाहीको प्रक्रिया नै अपूर्ण रहन जाने ।

पत्रिकामा प्रकाशित सूचनाको शीर्षक नै हाजिर हुन आउने रहेबाट सो सूचनालाई विपक्षीहरूको जिकीरअनुसारको विनियमावलीले व्यवस्था गरेबमोजिमको भविष्यमा बैंकको सेवाको लागि अयोग्य नठहरिने गरी सेवाबाट हटाउने विभागीय कारवाहीको प्रक्रियामा सफाइ पेश गर्ने मौका प्रदान गरी आरोप स्पष्ट रूपमा किटी सजाय समेत प्रस्ताव गरी सोधिएको स्पष्टीकरण वा दिइएको जानकारी सरहको रूपमा मान्न नमिल्ने ।

रिट निवेदकलाई गयल खारेजको कारवाहीमा अवकाश दिँदाको अवस्थामा कर्मचारी विनियमावलीले व्यवस्था गरेमुताबिकको प्रक्रिया अपनाई पर्याप्त सुनुवाइको मौका प्रदान गरी नोकरीबाट अवकाश दिएको देखिन नआउने ।

जस्तोसुकै गम्भीर प्रकृतिको आरोप लगाइएको व्यक्तिलाई पनि सो आरोप ठहर गर्नु पूर्व आफ्नो कुरा

भन्ने मौका दिनै पर्दछ । निवेदकलाई सेवाबाट बर्खास्त गर्ने जस्तो अन्तिम र कठोर सजाय गर्दाका बखतमा सेवासँग सम्बन्धित विनियमावलीमा उल्लिखित कार्यविधिको अक्षरसः पालना वा अवलम्बन गरिएको हुनु पर्दछ । प्राकृतिक न्यायको सिद्धान्तको उल्लंघन गरी वा कानूनबमोजिमको उचित प्रक्रिया पालना नगरी निर्णय हुन पुग्दछ भन्ने त्यस्तो निर्णयलाई कानूनको दृष्टिमा शून्य मान्नुपर्ने ।

इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल कात्तिक २० गते रोज १ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रेम शर्मा,** २०६६ CR-०६६९, जालसाज, *रमा दाहाल वि. बासुदेव दाहाल समेत*

मिति २०३८।३।९ मा प्रतिवादीहरू बीच सट्टापट्टाको लिखत भएपश्चात् त्यसपछिका मितिमा करार मुद्दामा मिलापत्र र राजीनामा लिखत समेत भएको, २०३९ सालमा दायर भएको अंश मुद्दामा शुरू मोरङ्ग जिल्ला अदालतबाट मिति २०४६।११।२८ मा फैसला हुँदा यस मुद्दामा दावी लिएका विवादित जग्गाबाट वादीले अंश नपाउने ठहर गरेउपर निजले तत्काल सो फैसलाउपर पुनरावेदन गरेको देखिँदा प्रतिवादीहरूले लिखत भए गरेको तथ्यमा वादी अनभिज्ञ रहेको भन्न नमिल्ने ।

कीर्ते कागजको १८ नं. मा केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५८ द्वारा संशोधन भएपछि काम भए गरेको थाहा पाएको मितिले ६ महिनाभित्र भन्ने उल्लेख भएको र कीर्ते कागजको साविक १८ नं. मा काम भए गरेको मितिले २ वर्षको हदम्याद कायम गरेको देखिन्छ । प्रस्तुत फिराद साविक कीर्ते कागजको १८ नं. बमोजिम दायर भएको हुँदा सो नं. मा भएको हदम्यादसम्बन्धी प्रश्नमा यस अदालतबाट के कस्ता सिद्धान्तहरू प्रतिपादन भएका छन् र उक्त सिद्धान्तहरूले वादीलाई कति सहयोग गर्न सक्दछन् र प्रस्तुत विवादमा आकर्षित हुन्छन् वा हुँदैनन् भन्ने महत्वपूर्ण निर्णायक प्रश्न अन्तर्निहीत रहेको छ । यसै सन्दर्भमा "संशोधन आउनु पूर्व नै कीर्ते कागजको साविक १८ नं. को हदम्याद भए गरेको मिति नै कायम गरी अन्तिम रूपमा रहेको अवस्थामा स्पष्ट रूपले कानूनी व्यवस्थाको अभावमा काम भए गरेको मितिबाट शुरू हुने गरी कायम भै आएको हदम्यादलाई काम भएको थाहा भएको मितिबाट हदम्याद शुरू हुने मिति कायम भएको मान्न नमिल्ने, अदालत व्यवस्थापन तथा न्याय प्रशासनसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०५८ ले कीर्ते कागजको महलको १८ नं. मा गरेको संशोधन व्यवस्थाले सो संशोधन पूर्व परिरहेको काम भए गरेको कुरा थाहा पाएको मितिबाट परेको जालसाजी मुद्दाहरूलाई पनि हदम्यादभित्र परेको भन्न नमिल्ने" (*नेकाप* २०६२, अङ्क १, नि.नं. ७४८०, पृष्ठ ३०) भनी कीर्ते कागजको साविक १८ नं. को हदम्यादसम्बन्धी व्यवस्थामा व्याख्या गरिएका व्याख्याहरूबाट एक निश्चित सिद्धान्त कायम गरेको पाइन्छ । उक्त सिद्धान्तमा भनिएको छ, *नेकाप* २०५५, नि.नं. ६६२५ मा लोकभक्त शम्शेर ज.ब.रा. विरूद्ध रमादेवी राजभण्डारी भएको जालसाजी मुद्दामा गरेको व्याख्या कीर्ते कागजको साविक १८ नं. अनुसार दायर भएको मुद्दामा अब लागू हुँदैन भनी व्याख्या गर्न नमिल्ने" भनी उल्लेख छ । उक्त प्रतिपादित सिद्धान्तअनुसार कीर्ते कागजको साविक १८ नं. को हदम्यादभित्र यी पुनरावेदक अदालतमा प्रवेश गर्न पर्नेमा उक्त हदम्यादभित्र वादी अदालतमा प्रवेश गरेको नदेखिने ।

दावीका कि.नं. ५३ समेतका जग्गा सट्टापट्टाको लिखतबाट लीलानाथ बरालका नाउँमा गैसकेको भन्ने मोरङ्ग जिल्ला अदालतको मिति २०४६।११।२८ को फैसलाबाट यी रमा दाहाललाई जानकारी भैसकेको अवस्थामा उक्त मुद्दामा यस अदालतबाट मिति २०५४।९।१६ मा फैसला भैसकेपश्चात् मात्र जानकारी पाएको भनी मिति २०३८।३।९ को सट्टापट्टाको लिखत जालसाजी घोषित गरिपाऊँ भनी मिति २०५५।४।२६ मा पुनरावेदकले प्रस्तुत मुद्दाको फिराद दायर गरेको देखिएकोले यी रमा दाहालको फिराद मुलुकी ऐन, कीर्ते कागजको १८ नं. ले निश्चित् गरेको हदम्यादभित्र दायर भएको देखिन नआएकोले तथ्यभित्र प्रवेश गरिरहन नपर्ने ।

कानूनले निर्धारित गरेको हदम्यादभित्र फिराद दायर भएको नदेखिएकोले हदम्यादको अभावमा फिराद खारेज हुने ।

इजलास अधिकृतः बासुदेव पौडेल

इति संवत् २०६८ साल फागुन ९ गते रोज ३ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६६-CR-०६७०, जालसाजी, *रमा दाहाल वि. बासुदेव दाहाल समेत*
- २०६६-CR-०६७१, जालसाज, *रमा दाहाल वि. बासुदेव दाहाल समेत*
- २०६६-CR-०६७२, जालसाज, *रमा दाहाल वि. बासुदेव दाहाल समेत*
- २०६६-CI-०९१४, अंश दपोट, लिखत दर्ता बदर दर्ता कायम, *रमा दाहाल वि. बासुदेव दाहाल*
- २०६६-CI-०९१५, अंश दपोट, मिलापत्र बदर दर्ता कायम समेत, *रमा दाहाल वि. बासुदेव दाहाल समेत*
- २०६६-CI-०९१६, अंश दपोट, सट्टापट्टा लिखत दर्ता बदर दर्ता कायम समेत, *रमा दाहाल वि. बासुदेव दाहाल समेत*
- २०६६ CI-०९१८, अंश दपोट, लिखत दर्ता बदर दर्ता कायम, *रमा दाहाल वि. बासुदेव दाहाल*

२

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रेम शर्मा,** २०६४ सालको दे.पु.नं. CI-०३३९, ०५६७, अंश चलन, *बासुदेव दाहाल वि. रमा दाहाल, रमा दाहाल वि. बासुदेव दाहाल*

एक पटक अंश मुद्दामा अंश पाउने ठहरी फैसला भैसकेपश्चात् उही अंशियाराका नाउँमा दावी जिकीर लिएको अवस्थामा यी पुनरावेदकको जिकीरबमोजिम कि.नं. ५३ को जग्गा समेतमा पुनरावेदक रमा दाहाल समेतको अंश हक कायम गरिनु अ.बं. ८५ समेतको विपरीत हुन जाने देखिन्छ । तसर्थ यी पुनरावेदक रमा दाहालले यी बासुदेव दाहाल समेतलाई प्रतिवादी बनाई प्रतिवादीहरूबाट आफ्नो हुने अंश भाग पाइसकेको भन्ने प्रमाणमा आएको दे.नं. २१९४ को अंश मुद्दाबाट देखिएको अवस्थामा पुनः प्रस्तुत मुद्दामा समेत अंशियारा कायम गरी कि.नं. ५३ नं. समेतको जग्गामा पुनरावेदकको अंश हक कायम गर्न कानूनतः नमिल्ने ।

जीवित ६ अंशियारामध्ये रमा दाहाल वादी र यी पुनरावेदक बासुदेव दाहाल समेत प्रतिवादी भै मोरङ्ग जिल्ला अदालतमा चलेको दे.नं. २१९४ को अंश मुद्दामा वादीले प्रतिवादीबाट ८ खण्डको १ खण्ड अंश पाउने ठहऱ्याएको शुरू मोरङ्ग जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत विराटनगरको फैसला मिलेकै देखिँदा सदर हुने ठहरी यस अदालतबाट मिति २०५४।९।१६ मा फैसला भै अन्तिम भै बसेको देखिएबाट प्रस्तुत मुद्दामा यस अदालत, समेतका अन्तिम फैसलाले अंश छुट्ट्याई सकेकी रमा दाहाललाई अंशियारा कायम गरी निजले समेत अंश हक कायम गर्न मिल्ने अवस्था नदेखिने ।

मूल पुर्खा रुद्रप्रसाद र गंगाकुमारी एवं यी पुनरावेदक बासुदेव दाहाल समेतका जम्मा ८ अंशियारामध्ये रुद्रप्रसाद र गंगाकुमारीको मृत्यु भैसकेको र रमा दाहालले आफू वादी भै चलेको दे.नं. २१९४ को अंश मुद्दाबाट आफ्नो अंश माग पाइसकेको देखिएकोले अब अंश छुट्ट्याउन बाँकी जम्मा ५ अंशियारा देखिँदा पुनरावेदक वादीले ५ खण्डको १ खण्ड अंश पाउने ।

आफ्नो अंश लिई छुट्टी भिन्न भैसकेकी रमा दाहाल समेतलाई अंश छुट्ट्याउनु पर्ने बाँकी अंशियारा कायम गरी फणिन्द्र दाहाल नाम दर्ताको मोरङ्ग, कंचनवारी ३(क) को कि.नं. ३३१ समेतको जग्गाबाट पुनरावेदक वादी बासुदेव दाहालले ६ खण्डको १ खण्ड अंश पाउने ठहऱ्याएको पुनरावेदन अदालत विराटनगरको मिति २०६४।३।२० को फैसला सो हदसम्म मिलेको नदेखिँदा उल्टी भै पुनरावेदक वादीले शुरू मोरङ्ग जिल्ला अदालतका फैसलाले बण्डा गर्नुपर्ने भनी सगोलको सम्पत्ति ठहऱ्याएको कि.नं. ३३१ समेतको जग्गाबाट ५ खण्डको १ खण्डसम्म अंश पाउने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल फागुन ९ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रेम शर्मा,** २०६६ सालको दे.पु.नं. CI-०९१७, अंश बाली बिगो, *रमा दाहाल वि. बासुदेव दाहाल समेत*

फिराद दावी हेर्दा के कुन प्रतिवादीबाट के कति बाली बिगो भराई दिनुपर्ने हो सो स्पष्ट रूपमा माग गर्न सकेको देखिँदैन । यसका साथै यी पुनरावेदकले

शुरू फिराद दायर गर्दा मुलुकी ऐन, अंशबण्डाको ३१ तथा जग्गा मिच्नेको १० नं. बमोजिम बाली बिगोमा दावी लिएको देखिन्छ । उक्त नं. अनुसार यी पुनरावेदकले आफ्नो हक हिस्सामा पर्न आउने बाली बिगो रोक्का गराई राख्न सकेको मिसिल संलग्न कागजबाट देखिन नआउने ।

आफूलाई प्राप्त कानूनी हकको उपचारका लागि मर्का पर्ने पक्षले स्पष्ट माग दावी लिई अदालतमा प्रवेश गर्नुपर्छ । २०३९ सालदेखि २०५४ सालसम्मको १५ वर्षको एकमुष्ठ बाली बिगोको दावी यी पुनरावेदक वादीले लिएको सन्दर्भमा त्यसतर्फ विचार गर्दा के कुन सालमा के कुन बाली के कति मूल्य थियो सो मूल्याङ्कन गरी स्पष्ट रूपमा उल्लेख गरी दावी लिनु पर्नेमा सो लिएको देखिएन । अंश मुद्दा दायर भै फैसला हुँदासम्मको १५ वर्षको अवधिमा हरेक वर्षमा स्वाभाविक रूपमा छुट्टाछुट्टै बालीको छुट्टाछुट्टै मूल्य हुने कुरामा दुई मत हुन नसक्ने हुँदा बाली बिगो दिलाइपाऊँ भन्ने फिराद दावी पुग्न नसक्ने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल फागुन ९ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या.श्री प्रेम शर्मा,** २०६४ सालको दे.पु.नं. CI-०८३६, ०८११, अश, *तारा दाहाल वि.बासुदेव दाहाल समेत, जनककुमारी दाहाल समेत वि. तारा दाहाल*

यी वादी प्रतिवादीका बीचमा मानो छुट्टिएको मिति २०४१।११।९ कायम भएको र सो पछि मात्र दावीको जग्गा अंशियारा बासुदेवको श्रीमती जनककुमारीको नाममा प्राप्त भएको देखिँदा त्यस्तो मानो छुट्टिएपश्चात् प्राप्त हुन आएको सम्पत्ति समेत बण्डा लाग्ने हुन्छ भनी तर्क गर्नु कानूनसंगत देखिन नआउने ।

आफ्नो अंश हक लाग्ने सगोलको सम्पत्ति मञ्जूरी बेगर बेचबिखन भएको अवस्थामा मञ्जूरी नहुने अंशियाराले लिखित रजिष्ट्रेशन भएको मितिले १ वर्षसम्ममा थाहा पाएको ३५ दिनभित्र उजूर गऱ्यो र निजको मञ्जूरी ठहरिएन भने निजको हक जति सो सम्पत्ति निजलाई फिर्ता गराई दिनुपर्छ भनी मुलुकी ऐन, लेनदेन व्यवहारको १० नं. मा कानूनी व्यवस्था रहेको देखिन्छ । सट्टापट्टाको लिखतमा आफ्नो मञ्जूरी थिएन भनी जिकीर लिने यी पुनरावेदक तारा दाहालले उक्त कानूनी व्यवस्थाअनुसार तोकिएको हदम्यादभित्र उजूरबाजुर गरी सट्टापट्टाबाट अरू व्यक्तिको नाउँमा गएको सम्पत्ति फिर्ता ल्याउन सकेको देखिँदैन । यसका साथै पुनरावेदक रमा दाहालले बासुदेव दाहाल समेतकाउपरमा दायर गरेको यसै लगाउको दु.पु.नं. CI-०९१६ समेतको अंश दपोट सट्टापट्टा लिखत बदर दर्ता कायम मुद्दामा प्रस्तुत मुद्दामा समावेश कि.नं. ५३ समेतका जग्गाको सम्बन्धमा दावी लिएको देखिएको र उक्त मुद्दामा आजै यसै इजलासबाट फैसला हुँदा लेनदेन व्यवहारको १० नं. मा उल्लिखित हदम्याद नघाई फिराद दायर गरेको आधारबाट नालेस खारेज हुने गरी फैसला भएकोले उक्त मुद्दामा लिइएका आधार बुँदा समेतबाट कि.नं. ५३ समेतका जग्गामा यी पुनरावेदक तारा दाहालको अंश हक कायम हुनुपर्ने भन्ने जिकीर तर्कसंगत नदेखिँदा प्रतिवादी बासुदेव दाहालले मिति २०३८।३।९ को सट्टपट्टाको लिखतबाट लीलानाथ बरालसँग सट्टापट्टा गरी तहतह हुँदै जनककुमारीका नाउँमा कायम हुन आएका कि.न.. ५३, ५८, ५९ र ४३१ समेतका जग्गाबाट यी पुनरावेदक तारा दाहालले अंश पाउने अवस्था देखिन नआउने ।

मोरङ्ग कञ्चनवारी १(क) का कि.नं. ५३, ५८, ५९ ऐ. २(क) का कि.नं. ४, ६, ७, ३४ र ३(ख) कि.नं. १६० समेतका जग्गाबाट वादीले ५ भागको १ भाग अंश पाउने ठहऱ्याएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६४।३।२० को फैसला मिलेको नदेखिँदा सो हदसम्म उल्टी भै शुरू मोरङ्ग जिल्ला अदालतको मिति २०६०।३।१७ को फैसलामा उल्लिखित मितिलाई वादी प्रतिवादीबीच मानो छुट्टिएको मिति कायम गरी तायदातीमा पेश भएको जग्गामध्ये उक्त फैसलाको तपसील खण्डमा उल्लिखित जग्गाबाट वादीले ५ भागको १ भाग अंश छुट्ट्याई लिन पाउने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः विपनदेवी मल्ल

इति संवत् २०६८ साल फागुन ९ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री भरतराज उप्रेती,** २०६६ सालको CI-००६१,

अंश चलन, *काइमान भन्ने काजीमान महर्जन वि. भीममाया महर्जन*

पछि प्राप्त भएका जग्गाहरूका सम्बन्धमा विधिपूर्वकको कुनै लिखतद्वारा अन्यथा हुने भनिएको अवस्थामा बाहेक बाबुको अंश हक कायम भएर आएको सम्पत्तिमा सबै अंशियार छोराहरूको समान हक लाग्ने ।

निजी ज्ञान सीपबाट आर्जन नगरेको, दाइजो वा पेवावापत् प्राप्त गरेको समेत नभै पति वा बाबुको अंश कायम भएर पछि प्राप्त भै आएको त्यस्तो सम्पत्तिलाई कृष्णमायाले आफूखुशी गर्न पाउने प्रकृतिको सम्पत्ति हो भन्ने आधार लिन सकेको तथा मिसिल संलग्न प्रमाणबाट समेत सो अवस्था नदेखिएको अवस्थामा प्रत्यर्थी वादी भीममाया महर्जनको यी सम्पत्तिमा हक लाग्ने ।

संयुक्त दर्तामध्येको बाबु चिरीकाजी महर्जनतर्फको कि.नं. ३५९ को आधा घरजग्गाबाट तीन भागको एक भाग र चिरीकाजीको अंश भागबापत वादीको सासू कृष्णमाया भन्ने मायादेवी महर्जनले २०४८ सालमा अंशवापत प्राप्त गरी नाति बाबुराजा महर्जनलाई २०४९।१२।१६ मा र.नं. ५१६८ बाट शेषपछिको बकसपत्र गरी दिएको कि.नं. ३४०, ३४७ र ३४९ समेतको घरजग्गाबाट चार भागको एक भाग वादीका पति वसन्तलालको कायम हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल असोज ४ गते रोज ४ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६६ सालको CI-००६२, खिचोला मेटाई चलन चलाइपाऊँ, *काइमान भन्ने काजीमान महर्जन समेत वि. भीममाया महर्जन*
- २०६६ सालको CI-००६३, अबण्डा जग्गा बण्डा गरिपाऊँ, *काइमान भन्ने काजीमान महर्जन समेत वि. वसन्तलाल महर्जन*

६

**मा.न्या.श्री रामकुमार प्रसाद शाह र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** २०६५ सालको CR-०६५२, ०२३७, सरकारी छाप दस्तखत कीर्ते, *नेपाल सरकार वि. अशोकमान शाक्य समेत, राजेन्द्र शाही वि. नेपाल सरकार*

ब्लु बुक यातायात कार्यालयबाट जारी नभै त्यसमा भरिएका विवरण नक्कली भएको भन्ने तथ्य यातायात व्यवस्था कार्यालयको पत्र र विशेषज्ञको लिखत परीक्षण प्रतिवेदनबाट समेत समर्थित भएको देखिन्छ । त्यस्तो नक्कली कागजमा सरकारी अड्डाको छाप समेत लगाइएको अवस्थामा उक्त लिखत बनाउने कार्यबाट मुलुकी ऐन, कीर्ते कागजको प्रावधानबमोजिम कसूर भएको पुष्टि हुने ।

कसूरमा इन्कार रहेको मात्र कथनले कुनै अभियुक्तलाई निर्दोष मान्न नसकिने र आफूले सो इन्कारी बयानलाई तथ्यपूर्ण ठोस विश्वासप्रद प्रमाणबाट पुष्टि गर्नुपर्ने ।

यस्तो प्रमाणको अभावमा तथा सहअभियुक्त अरुण सेढाइको निजउपरको पोल स्वतन्त्र एवं ठोस प्रमाणबाट समर्थित भएको देखिएकोले निज राजेन्द्र शाही उक्त कीर्ते कार्यमा संलग्नता रहेको भनी कसूरदार कायम हुने ।

कीर्ते जस्तो फौजदारी अपराधमा कीर्ते कार्यमा संलग्न रहेको भनी प्रमाणित हुन नसकेका व्यक्तिहरूलाई अभियोग दावी मात्रको भरमा सजाय गर्नु फौजदारी न्यायको सिद्धान्तको प्रतिकूल हुने हुँदा प्रतिवादी अरुण सेढाई र प्रतिवादी राजेन्द्र शाहीलाई कसूरदार ठहऱ्याई सजाय हुने र अन्य प्रतिवादीलाई सफाइ हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः विपनादेवी मल्ल

इति संवत् २०६८ साल कात्तिक २२ गते रोज ३ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६७-CR-०२७२, भ्रष्टाचार, *सीता सापकोटा वि. नेपाल सरकार*

प्रतिवादीले आफूले पेश गरेका प्रमाणपत्रहरू आफैले परीक्षा दिई पास गरेका सक्कली हुन् भनी सन् २००७।०९।०७ को उच्च माध्यमिक शिक्षा परिषद् उत्तर प्रदेश क्षेत्रीय कार्यालय वाराणसीबाट अनुक्रमाङ्क १५६८५३१ निज प्रतिवादी सीता सापकोटाको भएको भन्ने पत्रको प्रतिलिपिबाट देखिए पनि प्रमाणपत्रको छानबीन गर्न अधिकारप्राप्त निकायबाट त्यसको आधिकारिकता सम्बन्धमा सो प्रमाणपत्र जारी गर्ने

भनिएको आधिकारिक निकाय माध्यमिक शिक्षा परिषद् उत्तर प्रदेश भारतमा बुझ्दा सो आधिकारिक निकायबाट पछिल्लो पटक सन् २००९।०२।०२ को पत्रबाट अनुदानित नभएको भनी लेखी आएको देखिँदा त्यस्तो आधिकारिक निकायबाटै झूट्टा भनिएका प्रतिवादीका शैक्षिक योग्यताका प्रमाणपत्रहरू प्रतिवादी आफैंले पेश गरेको प्रतिलिपि फोटोकपीको आधारमा सक्कली हुने भन्ने स्थिति रहेन, झूट्टा नै देखिन आयो । किनकी शैक्षिक योग्यताको प्रमाणपत्रको सत्यता सम्बन्धमा यकीन गर्ने सम्बन्धित शैक्षिक निकाय नै आधिकारिक हुने र सो शैक्षिक निकायले अनुदानित नभएको भनी उल्लेख गरी पठाएको विवरणलाई पुनरावेदन जिकीरबमोजिम सक्कली हुन् भनी अर्थ लगाउन नमिल्ने हुँदा प्रतिवादी सीता सापकोटाले झूट्टा प्रमाणपत्र समेतका आधारमा स्वास्थ्यसँग सम्बन्धित संवेदनशील कार्य गरी आर्थिक लाभ समेत प्राप्त गर्ने मनसाय र उद्देश्यका साथ झूट्टा शैक्षिक योग्यताको प्रमाणपत्रहरू ल्याई पेश गरी सार्वजनिक पद धारण गरी लाभ समेत प्राप्त गरी आपराधिक कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसूर गरेको देखिँदा निज पुनरावेदक प्रतिवादीलाई अभियोग दावीबमोजिम भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसूर गरेको ठहर्‍याई सोही ऐनको दफा १२ र २९(२) बमोजिम रू. ५००।- जरीवाना हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल असार १९ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गिरीश चन्द्र लाल,** ०६४-CR-०३९१, भ्रष्टाचार, *खड्गबहादुर गुरुङ वि. नेपाल सरकार*

आधिकारिक निकायबाटै गलत भनिएकोबाट प्रतिवादीका शैक्षिक योग्यताका प्रमाणपत्रहरू सक्कली हुन् भन्ने स्थिति नरहने ।

शैक्षिक योग्यताको प्रमाणपत्रको सत्यता सम्बन्धमा यकीन गर्ने सम्बन्धित शैक्षिक निकाय नै आधिकारिक हुने र सो शैक्षिक निकायले गलत भनी उल्लेख गरी पठाएको विवरणलाई पुनरावेदन जिकीरबमोजिम सही भनी अर्थ लगाउन नमिल्ने हुँदा प्रतिवादीले सार्वजनिक पदधारण गर्ने र आर्थिक लाभ लिने मनसायसाथ आफ्ना नामका शैक्षिक योग्यताका नक्कली प्रमाणपत्रहरू पेश दाखिला गरी सार्वजनिक पदधारण गरी लाभ समेत प्राप्त गर्ने आपराधिक कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसूर गरेको देखिँदा प्रतिवादी खड्गबहादुर गुरुङलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ अन्तर्गतको कसूर गरेको ठहर्‍याई सोही ऐनको दफा २९(२) बमोजिम रू. २०००।- जरीवाना हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल असार १९ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** २०६६ सालको WO-०४७५, उत्प्रेषण परमादेश, *रामबहादुर शाह वि. राधाकृष्ण मानन्धर समेत*

निवेदक डोरमा उपस्थित भएको तर डोर नआएको कारण गुज्रेको भन्ने जिकीर लिएको भए पनि डोर उपस्थित नभएपछि अड्डामा हाजिर हुनुपर्ने दायित्व पक्षको हुन्छ । तर यी निवेदकले आफ्नो पक्षको प्रतिनिधित्व सही ढंगले गर्न नसकी तोकिएको तारिखका दिन वा सोको भोलिपल्ट अदालतमा उपस्थित भै तारिख लिएको अवस्था छैन । उल्टै तारिख गुजारेको प्रमाणित भै मिसिल संलग्न रहेको देखिँदा निवेदकले तारिखमा रहिरहेको भनी देखाउन नसकेको अवस्थामा अ.बं. ६१ नं. बमोजिमको निवेदनमा आदेश भै तारिखमा राखेको मिति २०६५।१०।८ को आदेशलाई पुनरावेदन अदालतको मिति २०६६।४।९ को आदेशले बदर गरिसकेको र सो आदेश अन्तिम समेत रहेको बदर नभएको अवस्थामा तारिख गुजारेको नै मान्नुपर्ने ।

निवेदक आफैले पक्षको प्रतिनिधित्व गरेको मुद्दामा मिति २०६५।९।२३ को तारिख गुजारी बसेको पुष्टि हुन आएको र मिति २०६५।१०।७ को जिल्ला अदालतले तारिखमा राख्ने गरेको आदेशलाई बदर गरेको मिति २०६६।४।९ को पुनरावेदन अदालतको आदेश बदर नभई रहेको र तारिखमा राखी पाउन माग गरेको मुद्दा समेत डिसमिस फैसला भई अन्तिम भैसकेको अवस्थामा मिति २०६६।८।१२ को पुनरावेदन अदालतको आदेश बदर गरी निवेदकलाई तारिखमा

राख्नु भनी निवेदकको मागबमोजिम उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल बैशाख २१ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** २०६५ सालको WO-०४३१, उत्प्रेषण, *सुमित्रादेवी साह समेत वि. हिरालाल प्रसाद यादव समेत*

निवेदकहरूले जिन्सीदेवी आफ्नो आमा सासू रहेको भए पनि हामीसँग छुट्टिई अलग बसेको भनी उल्लेख गरेको देखिन्छ । यसरी यी निवेदकहरू र विपक्षीमध्येको हिरालाल प्रसाद यादवबीच लेनदेन मुद्दा परी कारवाहीयुक्त अवस्थामा रहको र मुलुकी ऐन, अ.बं. १७ नं. बमोजिम लेनदेन मुद्दाका वादी हिरालाल यादवले दिएको निवेदनमा पुनरावेदन अदालत हेटौंडाबाट मिति २०६५।१।६ मा ऋणी जिन्सीदेवी र यी निवेदकहरूले नामको सम्पत्ति रोक्का राखिएको देखिन्छ । अदालतमा लेनदेन मुद्दा परी विचाराधीन रहेको अवस्थामा शुरू बारा जिल्ला अदालतबाट मिति २०६४।९।२६ मा अन्तर्कालीन आदेश भएकोमा सो आदेशउपर अ.बं. १७ नं. बमोजिम परेको निवेदनबाट जिल्ला अदालतले उक्त आदेशमा पुनरावलोकन भई मिति २०६५।७।१ मा कानूनबमोजिम भएको आदेशलाई अन्यथा भनी अर्थ गर्नुपर्ने अवस्था नदेखिने ।

निवेदकहरूका नाममा रोक्का रहेका जग्गाहरू निवेदक र विपक्षीबीच जिल्ला अदालतमा चलिरहेको लेनदेन मुद्दाबाट विवादको निरोपण भई कानूनबमोजिम हुने नै हुँदा त्यस्तो अदालतमा विचाराधीन रहेको मुद्दालाई नै प्रभाव पर्ने गरी रोक्का रहेको सम्पत्तिबाट ऋणीले आफ्नो ऋण असूलउपर गर्नसक्ने वा नसक्ने भनी रिटको क्षेत्रबाट रोक्का वा फुकुवा गर्ने सम्बन्धमा विचार विमर्श गर्ने वा हस्तक्षेप गर्ने अवस्था हुँदैन । बिगोको हकमा ठहर भै के कसको सम्पत्तिबाट भरिभराउ हुने वा नहुने भन्ने कुरा फैसला पछि तय हुने कुरा हो । अहिले कानूनबमोजिम अन्तरकालीन आदेशबाट रोक्कासम्म भएको र मुद्दा फैसला भई अन्तिम हुन बाँकी नै रहेको देखिएकोले उठाएका विवादित प्रश्नहरूमा फैसला हुँदा विचार हुन सक्ने विद्यमान अवस्था बाँकी छँदाछँदै निवेदकहरूको मागबमोजिम रोक्का रहेको जग्गा फुकुवा गर्न उत्प्रेषणको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६८ साल बैशाख २१ गते रोज ४ शुभम् ।

५

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री तर्कराज भट्ट,** २०६४ सालको WO-०९२३, उत्प्रेषण परमादेश, *डा. पिताम्बरलाल यादव वि. त्रिभुवन विश्वविद्यालय, केन्द्रीय क्याम्पस, कीर्तिपुर समेत*

मापदण्ड नै नतोकिएको अवस्था अधिकारप्राप्त अधिकारीले पदको आवश्यकता र सो पदको लागि तोकिने व्यक्तिको उपयुक्तता हेरी तोकेको अवस्थामा अन्य व्यक्तिले आफूलाई अयोग्य ठान्नु पर्ने अवस्था पनि रहन्न । क्याम्पस प्रमुख भिन्न प्रयोजनको लागि तोकिने हुनाले त्यसमा आफ्नो वरिष्ठता वा कनिष्ठता प्रभावित भएको ठान्नु पर्ने कारण समेत देखिदैन । प्राध्यापक वा शिक्षकहरू आधारभूत रूपमा अध्यापनसँग सम्बन्धित हुन्छन् भने क्याम्पस प्रमुखको पद शैक्षिक प्रशासनसँग सम्बन्धित हुन्छ । प्राध्यापक वा शिक्षकहरूको वरिष्ठता शिक्षणकै सन्दर्भमा मूल्याङ्कन गर्नुपर्ने ।

शैक्षिक प्रशासनको जिम्मेवारी भनेको कुनै प्राध्यापक वा शिक्षकको लागि मौलिक नभई आनुवंशिक महत्वको हुँदैछ । यो कतिपय अवस्थामा रूची वा सीपको कुरा पनि हुन्छ । कुनै तहका शिक्षणमा संलग्न व्यक्तिको लागि कानूनको व्यवस्थाको अधीनमा रही शैक्षिक प्रशासनका जिम्मेवारी तोक्न सकिने भए पनि त्यस्तो कार्यलाई प्राध्यापक वा शिक्षकले अधिकारकै रूपमा खोज्ने कुरा पनि देखिँदैन । जुन तहमा सम्बन्धित प्राध्यापक वा शिक्षक नियुक्त भई कार्य गरिरहेको हुन्छ सोबाट विचलन गर्ने वा सो कार्य गर्न नपाउने गरी कुनै अवरोध गरेको भए प्राध्यापक वा शिक्षकको हक हनन् भएको सम्झिन सकिने कुनै अवस्था हुन सक्थ्यो होला । तर निवेदकलाई त्यस्तो कुनै कार्य गरी अवरोध गरेको भन्ने देखिन्न । प्राध्यापक वा शिक्षकको छुट्टै वर्गीकरण हुने र सो कुरालाई शैक्षिक प्रशासनको कुनै जिम्मेवारीले कुनै प्रभावित गर्न नसक्ने हुनाले कुनै प्राध्यापक वा शिक्षकको प्रशासकीय रूची, कामको कारणले निजको प्राध्यापक

वा शिक्षकको स्तर र शैक्षिक प्रशासकको स्तरको तुलना नै गर्न मिल्ने नहुनाले हक हनन् भएको मान्न नसकिने ।

क्याम्पस प्रमुखको पद भनेको समयावधि तोकी सो तोकिएको समयसम्मको लागि क्याम्पसको शैक्षिक, आर्थिक तथा प्रशासनिक कार्य सञ्चालको लागि जिम्मेवारी दिइएको पद  हो । यो कुनै बढुवा वा पदोन्नतिको पद नभएकोले क्याम्पस प्रमुखको लागि तोकिएको पदावधि ४ वर्षको कार्यकाल समाप्त भएपछि पुनः नियुक्ति नभएमा त्यस्तो व्यक्ति साविककै उपप्राध्यापक, सह-प्राध्यापक वा प्राध्यापकको पदमा नै कायम रहने ।

क्याम्पस प्रमुख पदमा नियुक्ति हुँदैमा अरूको प्राज्ञिक विशिष्ठता गुम्ने वा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ को उपधारा (३) को पेशा, व्यवसाय र रोजगार गर्ने स्ततन्त्रताको हक कुण्ठित हुने भन्ने अवस्था देखिन्न । देवीदत्त शाहलाई क्याम्पस प्रमुखमा नियुक्ति गरिँदैमा निवेदकले गर्दै आएको प्राध्यापन पेशाको रोजगारमा कुनै बन्देज लगाइएको पनि छैन । बरू प्रशासनिक र आर्थिक कार्यबोझबाट टाढै राखी निजले प्राप्त गरको विशिष्ठिकृत ज्ञानलाई पठन-पाठन, अध्ययन, अध्यापन तथा अनुसन्धानात्मक कार्यमै लगाई आफूलाई झनै विशिष्ठिकृत बनाउन प्रेरित गरेको भनी अर्थ गर्न सकिने ।

निवेदकभन्दा वरिष्ठ र कनिष्ठ जे जति प्राध्यापन पेशामा संलग्न छन् तीमध्ये सबैभन्दा वरिष्ठको आधारमा वा कनिष्ठको आधारमा क्याम्पस प्रमुख नियुक्त नभएको र त्यसरी नियुक्ति गर्ने कुनै मापदण्ड वा योग्यता पनि निर्धारण नभएको अवस्थामा शिक्षाध्यक्षको सिफारिशमा कार्यकारी परिषद्ले आधारभूत प्रक्रिया पूरा गरी ४ वर्षको कार्यकालको लागि क्याम्पस प्रमुखमा नियुक्ति गरेको कार्यबाट निवेदकको संवैधानिक वा कानूनी हकमा प्रतिकूल असर परेको नदेखिएको र महेन्द्र विदेश्वरी बहुमुखी क्याम्पसको रिक्त क्याम्पस प्रमुखमा विपक्षी देवीदत्त शाहलाई नियुक्ति गर्ने गरेको मिति २०६४।१२।५ को निर्णयमा कुनै कानूनी त्रुटि विद्यमान नदेखिकोले निवेदन मागबमोजिमको आदेश जारी गर्न परेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

इति संवत् २०६८ साल बैशाख २१ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६-WO-१३३३, उत्प्रेषण प्रतिषेध परमादेश, *सुकदेव राय यादव वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

मुद्दा फिर्ता लिने विषय र प्रक्रियामा यस फैसलामा उल्लेख भएको महत्वपूर्ण पक्षहरू विचारणीय भएको र विपक्षी नेपाल सरकारले मुद्दा फिर्ता लिने निर्णय गर्दा तथा सो गर्ने सिलसिलामा पनि विचार गर्नुपर्ने कुराहरू हुँदाहुँदै पनि विपक्षी नेपाल सरकारले मुद्दा फिर्ता लिने निर्णय गरिसकेर कार्यान्वयन स्तरमा सम्बन्धित जिल्ला अदालतमा पुगी विचाराधीन भैसकेको बदलिएको परिस्थितिमा सक्षम अदालतले विचार गर्नसक्ने अवस्था रहँदारहँदै यस अदालतको असाधारण अधिकारक्षेत्र ग्रहण गरी हस्तक्षेप गरिहाल्न उपयुक्त देखिन नआउने ।

तर प्रस्तुत मुद्दामा र यस्तै विषयमा नेपाल सरकार मन्त्रिपरिषद्बाट सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २९ को प्रयोग पटक-पटक गरी मुद्दा फिर्ता लिने गरेको देखिएको र सो प्रयोगमा विविध र परस्पर विरोधी आधारहरू लिने गरेको देखिएकोले निम्न कुराहरूमा ध्यान दिएर मात्रै उक्त दफा २९ को प्रयोगतर्फ विचार गर्नु भनी विपक्षी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेतका नाममा र हाल विचाराधीन रहेको मुद्दामा बारा जिल्ला अदालतले निर्णय गर्दा पनि सोबमोजिम विचार गर्नु भनी विपक्षी बारा जिल्ला अदालतका नाममा समेत परमादेशको आदेश समेत जारी हुने :

- नेपाल सरकारले जारी गरेको सरकार वादी हुने फौजदारी मुद्दाहरू फिर्ता लिने सम्बन्धमा अपनाउनु पर्ने नीतिगत मापदण्ड र कार्यविधि, २०५५ को मापदण्डको प्रकरण ४ मा उल्लिखित अपराधहरूका अतिरिक्त गम्भीर प्रकृतिका नियतवस गरेको हत्या, राज्य विरूद्धका अपराध, युद्ध अपराध, मानव अधिकार र क्रुर र अमानवीय प्रकृतिका मानवता विरूद्धको अपराध, संगठित अपराध, महिला एवं बालबालिका विरूद्धको अपराध, जाति हत्या, सार्वजनिक हक विरूद्धको अपराध जस्ता अपराधमा जुनसुकै सौदा गरी मुद्दा फिर्ता लिने निर्णय नगर्नू,

- दायर रहेको मुद्दालाई फिर्ता गर्नुपर्ने निर्णय गर्नु अघि सो गर्नुपर्ने मुनासिब कारणसम्बन्धमा मुद्दा चलाउने महान्यायाधिवक्ता वा अन्तर्गतको अभियुक्तसँग पनि परामर्श गरी मात्र मुद्दा फिर्ता गर्ने निर्णयको परिपाटी विकास गर्नू,
- मुद्दा चलाइएको कानूनमा पीडितले क्षतिपूर्ति समेत पाउने व्यवस्था रहेकोमा मुद्दा फिर्ता लिँदा सो क्षतिपूर्ति पाउने कुरामा प्रतिकूल असर नपर्ने व्यवस्थामा विचार पुर्‍याउनू,
- जसको हकमा मुद्दा फिर्ता लिने हो सो व्यक्तिले अदालतबाट जारी भएको म्यादमा हाजिर नभई फरार रहेको अवस्थाको प्रतिवादीको हकमा फिर्तासम्बन्धी विचार नगर्नू,
- घटनाबाट पीडित हुने भनेको जाहेरवाला वा पीडितलाई मुद्दा फिर्ताको सुनुवाई प्रक्रियामा सहभागी हुन सक्ने गराउन सूचना दिई निजलाई आफ्नो कुरा भन्ने मौका प्रदान गर्नू,
- उल्लिखित कार्यको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०५५।५।१ मा स्वीकृत नेपाल सरकार वादी भई चलाइएका फौजदारी मुद्दाहरू फिर्ता लिने सम्बन्धमा अपनाउनु पर्ने मापदण्ड र कार्यविधिमा आवश्यक परिमार्जन गर्नू ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम
इति संवत् २०६९ साल बैशाख ५ गते रोज ३ शुभम् ।
यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन्:

- २०६७-WO-०२५०, उत्प्रेषण परमादेश समेत, *हरिमाया दनाई वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*
- २०६६-WO-१३४५, उत्प्रेषण प्रतिषेध परमादेश, *गोपीबहादुर भण्डारी वि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

७

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कमलनारायण दास,** ०६७-CI-१५२७, मोही नामसारी, *अम्बिकाप्रसाद उप्रेती वि. रोझा पनुहर*

वादी रोझा पनुहर समेत दर्तावाला मोहीको छोरा भएको र मोहीको हक दावी लिन सक्ने अवस्थाको व्यक्ति देखिएकोमा यी पुनरावेदकले २०४६ सालमा मोही लगत कट्टाको फिराद दायर गर्दा रोझा पनुहरलाई प्रतिवादी नै बनाएको समेत देखिँदैन। यसरी २०४६ सालमा दायर भएको मोही लगत कट्टा मुद्दामा प्रतिवादी नै नबनाइएको रोझा पनुहरका हकमा निजले उक्त मुद्दामा प्रतिवाद गर्न नसकी निजको हकमा असर पर्नसक्ने अवस्था समेत देखिँदा त्यस्तो स्थितिमा दर्तावाला मोहीको हकवाला यी रोझा पनुहरका हकमा मोहियानी हक निष्क्रिय हुन सक्ने भन्न नमिल्ने हुँदा दावीको जग्गामा दर्तावाला मोहीका हकवाला छोरा यी रोझा पनुहरको मोहियानी हक कायमै रहने।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६८ साल मंसिर १६ गते रोज ६ शुभम् ।

८

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कमलनारायण दास,** ०६७-CI-१४१८, मोही निष्काशन, *प्रमोद लोध वि. रामखेलावान पासी*

पुनरावेदक वादीले प्रतिवादी रामखेलवान पासीले जग्गामा खाल्टो खनी जग्गाको मोल उब्जा घट्ने गरी भूमिसम्बन्धी ऐन, २०२१ को दफा २९(२)(क) बमोजिमको कार्य गरेकोले मोही निष्काशन गरी पाउन दावी लिएको र भई आएको नक्सा मुचुल्का व्यहोराबाट समेत दावीको जग्गामा प्रत्यर्थीले उब्जा घट्ने वा जग्गाको भौतिक अवस्था बिग्रने गरी कुनै कार्य गरेको भन्ने कुरा प्रमाणित भएको अवस्था नदेखिँदा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २९(२) (क) बमोजिमको अवस्था विद्यमान भएको नदेखिँदा वादी दावी पुग्न नसक्ने।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६८ साल मंसिर १६ गते रोज ६ शुभम् ।

९

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कमलनारायण दास,** ०६७-CI-१५२८, फैसला बदर, *अम्बिकाप्रसाद उप्रेती वि. रोझा पनुहर थारु*

पुनरावेदक अम्बिकाप्रसाद उप्रेतीले मोही लगत कट्टा गरिपाउन किशुनी पनुहरका नाउँमा मुद्दा दायर गरी म्याद तामेल भै किशुनी पनुहरले प्रतिवाद नगरेका आधारमा उक्त मुद्दामा प्रतिवादी नै बनाइएका दुखा पनुहरको मोहियानी हक खाने हकवाला यी

प्रत्यर्थी रोझा पनुहरको हक जान नसक्ने हुँदा उक्त मिति २०४७।९।२३ को भूमिसुधार कार्यालय बाराबाट भएको गैरकानूनी निर्णय बदर हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल मंसिर १६ गते रोज ६ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** ०६५-CR-०२६१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. लक्ष्मन श्रेष्ठ*

वारदातस्थलमा प्रत्यक्ष उपस्थित भै यी प्रतिवादी समेतले चोट छाडी मृतकको मृत्यु भएको भनी मौकामा प्रहरीमा कागज गर्ने बाबुराम परियार, धनबहादुर नेपाली, चेतबहादुर रानाभाट, दानबहादुर थापा मगर, मीनबहादुर थापा समेतका वादी पक्षका साक्षीहरूले अदालतमा बकपत्र गर्दा लक्ष्मन श्रेष्ठ समेतले मृतक रिखीबहादुर आलेलाई प्रहार गरेको भनी लेखाउन सकेको देखिँदैन । यसरी मौकामा, प्रहरीमा कागज गर्ने व्यक्तिहरूको भनाइ नै फरक-फरक रहेको अवस्थामा यी प्रतिवादीले नै मृतकउपर सांघातिक आक्रमण गरेको र सोही चोटको पीडाबाट रिखीबहादुरको मृत्यु भएको भनी निश्चयात्मक सबूद प्रमाणको अभावमा अभियोग दावीबमोजिमको कसूर यी प्रतिवादीले गरेको भनी ठहर गर्न नमिल्ने ।

धैरै जना भई वारदात भएको तथ्यमा विवाद छैन । प्रतिवादीमध्ये १५ जनाले अदालतबाट जारी भएको वारेन्ट, म्यादी पूर्जी समेतको म्याद गुजारी बसेकोले निजहरूका हकमा मुद्दा मुल्तवी रहेको छ । यस्तो अवस्थामा स्पष्ट र निश्चित् रूपले प्रतिवादी लक्ष्मन श्रेष्ठले रिखीबहादुर आलेलाई लाठी वा रडले प्रहार गरेको वा चोट छाडेको भन्ने कुरा शंकारहित तवरबाट पुष्टि र प्रमाणित नभएसम्म निजले आरोपित कसूर नै गरेको भनी ठहर गर्न नमिल्ने भै निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(२) नं. को कसूरमा ५(पाँच) वर्ष कैद हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

इति संवत् २०६८ साल भदौ १८ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं. २०६३-WO-०४५९, उत्प्रेषण, *श्रीस शम्शेर राणा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

निवेदक तत्कालीन मन्त्री श्रीस शम्शेर राणाले मन्त्रिपरिषद्बाट खर्च गर्न पाएको अनुमतिको दायराभित्र रही मन्त्रिपरिषद्कै निर्णयबमोजिम गरेको खर्चको जिम्मेवारी मन्त्री एक्लैको व्यक्तिगत भन्ने पनि हुँदैन । सो निर्णय र खर्च गर्ने वा वितरण गर्ने कार्यबाट निवेदक एक्लैको बद्नियत रहेको भन्न मिल्ने पनि देखिँदैन । आफ्नो व्यक्तिगत फाइदा वा लाभका लागि मन्त्रिपरिषद्बाट निर्णय गराएको भन्ने पनि छैन, न त आफ्नो व्यक्तिगत प्रयोजन वा आफूलाई व्यक्तिगत लाभ हुने किसिमबाट खर्च गरेको भन्ने सार्वजनिक लेखा समितिको निर्णयमा वा मन्त्रिपरिषद्को मिति २०६३।६।१० को निर्णयमा उल्लेख गरिएको छ । यसरी यी निवेदकको बदनियत पुष्टि हुने आधार नभएकाले २०६२।१०।१३ को मन्त्रिपरिषद्को निर्णयानुसार खर्च गरिएको विवादित रकमको आर्थिक दायित्व यी निवेदकमाथि थुपार्न नमिल्ने ।

एउटा मन्त्रिपरिषद्ले गरेको निर्णय सो मन्त्रिपरिषद् परिवर्तन भई अर्को मन्त्रिपरिषद् गठन भएपछि पहिलेको मन्त्रिपरिषद्ले गरेका निर्णयहरूलाई मन्त्रिपरिषद्मा भएको परिवर्तन वा अन्य राजनीतिक कारणले परिवर्तन गर्दै जाने अथवा कुनै खास निर्णय कार्यान्वयन गर्ने सम्बन्धित मन्त्रीमाथि मात्र मन्त्रिपरिषद्को निर्णयको जिम्मेवारी थुपार्दै जाने हो भने त्यसले देशको सरकारको विश्वसनीयता र कार्यप्रणालीमाथि गम्भीर प्रश्न उठाउन सक्दछ । त्यस्तो व्यवहार विधिको शासन र सुशासनको आधारभूत सिद्धान्तविपरीत हुन जाने ।

तत्कालीन मन्त्रिपरिषद्को २०६२।१०।१३ को निर्णयबाट सामाजिक सेवा अनुदान शीर्षकअन्तर्गत प्राप्त रकम मन्त्रिपरिषद्को सोही निर्णयको अधीनमा रही आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०५६ को नियम ४०(३) बमोजिम खर्च गरेको देखिएकोले सो कार्य अनियमित र कानूनविपरीत देखिन नआएकोले सो रकम निजबाट असूलउपर गर्ने भनी मिति

२०६३।४।१० मा सार्वजनिक लेखा समितिले गरेको निर्णय र सोको आधारमा नेपाल सरकार मन्त्रिपरिषद्बाट भएको २०६३।६।१० को निर्णय र सोहीअनुसार सूचना तथा सञ्चार मन्त्रालयबाट मिति २०६३।७।१९ मा यी निवेदकलाई लेखेको पत्र समेतका सम्पूर्ण कामकारवाही अन्तरिम संविधानको धारा १३ र धारा १९ विपरीत त्रुटिपूर्ण देखिँदा त्यसबाट यी निवेदकलाई प्राप्त संवैधानिक हकमाथि आघात पर्ने देखिएकोले उपरोक्त निर्णय र पत्र समेत बदर गर्ने गरी उत्प्रेषणको आदेश जारी हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६८ साल कात्तिक ७ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** साधक नं. ०६७-RC-००५७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. पुण्यप्रसाद तामाङ*

आफूलाई लगाएको अभियोग दावीबमोजिम कसूर गरेको भनी मौकामा र अदालतमा यी प्रतिवादी पुण्यप्रसादले स्वीकार गरेको बयान निजका दाजु सह-अभियुक्त सूर्यबहादुर तामाङको अदालतमा भएको बयान, मृतककी पत्नी फूलमाया तामाङको बकपत्र, ध्वाँसे तामाङको बकपत्रबाट समेत समर्थित भएको देखिन्छ । यिनै प्रतिवादी नवीन भन्ने पुण्यप्रसाद तामाङको कर्तव्यबाट नरबहादुरको मृत्यु भएको भन्ने कुरा शंकारहित तवरले प्रमाणित भइसकेको अवस्थामा यी प्रतिवादीलाई अभियोग दावीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. र १३ नं. को कसूर अपराध कायम हुने ।

आफूले गरेको कसूर स्वीकार गरी अनुसन्धानको क्रममा तथा अदालतमा समेत स्वीकार गरी अनुसन्धान प्रक्रिया र न्यायिक प्रक्रियालाई यी प्रतिवादीले सहज बनाएको अवस्था छ । प्रतिवादी पेशेवर अपराधी हो भन्ने नदेखिएको र मृतकलाई हत्या गर्न कुनै पूर्वयोजना र तयारीसाथ घटना घटाएको पनि देखिएको छैन । यस्तो अवस्थामा घटना वारदातको प्रकृति समेतलाई विचार गर्दा यी प्रतिवादीलाई ऐनबमोजिम सजाय गर्दा चर्को पर्न जाने देखिन्छ । तत्काल सिर्जित आपराधिक मनस्थितिको परिणामस्वरूप धारिलो जोखिमी हतियार खुकुरीको प्रयोग गरी पहिलो प्रहारबाट ढलिसकेको मृतकलाई आक्रोशित यी प्रतिवादीले पटक-पटक घाँटी लगायतको भागमा प्रहार गरी मारेको पाइएको छ । यो अवस्था समेतलाई विचार गर्दा शुरू मोरङ्ग जिल्ला अदालतले अ.बं. १८८ नं. बमोजिम १४ वर्ष कैद गर्न जाहेर गरेको राय समेत मनासिब हुने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल असार ३१ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** ०६५-CR-०२६५, लागू औषध, *नेपाल सरकार वि. हाङको लामा समेत*

फौजदारी अपराधमा कसूर प्रमाणित गर्ने भार वादी पक्षको भएकोमा यी पुनरावेदक वादीले यी प्रतिवादी विरुद्धको अपराध ठोस प्रमाणद्वारा पुष्टि गर्न सकेको पाइदैन । लागू औषध जस्तो गम्भीर फौजदारी अपराधमा ठोस प्रमाणको अभावमा केवल निजहरूले सञ्चालन गरेको होटलबाट लागू औषध बरामद भएको, विवादमा आएको गाडी चलाउने गरेको र गाडीको मालिक भएको भन्ने आधारमा मात्र केवल शंकाको भरमा सजाय गर्नु न्यायसंगत् देखिन नआउने ।

प्रस्तुत मुद्दामा दसीमा आएको बा.२ च २८०६ को गाडी प्रतिवादी सुनीलकुमार चालिसेको नाममा रहेको भन्ने अभियोग पत्रबाट देखिन्छ । निज सुनिलकुमारले उक्त गाडी मोहन नेपालीलाई मासिक रू. १५,०००।- भाडामा दिएको र निजले टुरिष्टहरूलाई घुमाउने क्रममा प्रयोग गरेको भन्ने देखिन्छ । निज गाडी मालिकले प्रतिवादी नारायण नेपालीलाई गाडी दिएको भन्ने कुराको पुष्टि हुन आएको छैन । नारायण नेपालीले मकवानपुरबाट लागू औषध ल्याउनको लागि प्रयोग गरेको भनी मौकामा बयानमा उल्लेख गरे पनि अदालतसमक्ष इन्कार रही बयान गरेको देखिन आउँछ । बरामद भएको लागू औषध प्रस्तुत गाडीबाट नै बरामद भएको नभई होटलको कोठाबाट बरामद भएको छ भने अर्कोतर्फ लागू औषध ओसार-पसारको लागि सो गाडी गाडीधनीले आफ्नो मञ्जूरीले दिएको हो भन्ने स्थापित हुन नसकेको हुँदा प्रतिवादीहरू हाङको लामा, टासी लामा, होदराज गिरी,

सुनीलकुमार चालिसे र मोहन नेपालीलाई अभियोग दावीबमोजिम सजाय गर्नुपर्ने भन्ने जिकीर ठोस सबूद प्रमाणबाट पुष्टि हुन नआएबाट निजहरूलाई सफाइ हुने र बरामद गाडी जफत नहुने।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल मंसिर २६ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** २०६६ सालको CI-०४५७, जग्गा खिचोला मेटाई चलन चलाईपाऊँ, *निर्मला शर्मा वि. विष्णुमान श्रेष्ठ समेत*

विपक्षी प्रतिवादीले मिति २०६२।४।५ मा घर बनाउन नक्सापास इजाजतपत्र लिएको भनी स्वयं प्रतिउत्तरमा स्वीकार गरिरहेको र मिति २०६२।४।१६ मा घर बनाउन जग्गा खनी खिचोला गरेको भनी मिति २०६२।४।१८ मा प्रस्तुत फिराद परेकोमा मिति २०६०।५।३१ को नगरपालिकाको निर्णय मितिले ३५ दिनभित्र हक बेहकमा यी वादी नालेस गर्न नगएको भन्ने आधारमा प्रस्तुत फिराद दावी हदम्याद नघाई परेको मान्न नमिल्ने।

विपक्षी प्रतिवादीले नगरपालिकामा नक्सा पासको लागि मिति २०६२।३।३० मा विवाद परेको जग्गालाई छाडी अविवादित जग्गामा घर बनाउन नक्सा पास गरिपाऊँ भनी निवेदन गरी तदनुसार नक्सा पास भएकोमा सो नक्साबमोजिम निर्विवाद जग्गा कति हो र सो जग्गामा मात्र घर बने नबनेको खिचोला भए, नभएको सम्बन्धमा तथ्यमा प्रवेश गरी निर्णय गर्न नमिल्ने भन्ने देखिन आउँदैन। मिति २०६२।४।५ मा मात्र घर बनाउन नक्सा इजाजत पाई घर बनाउन थालेको मितिलाई नै खिचोलामा नालिस गर्नुपर्ने कारण परेको (Cause of Action) भनी यकीन गर्नुपर्ने अवस्थाको विद्यमानता रहेको पाइयो। नगरपालिकाले हक बेहकमा कायम गराई ल्याउन भनी सुनाएको मिति २०६०।५।३१ बाट नालिस गर्नुपर्ने हदम्याद कायम गर्न नमिल्ने।

काम भए गरेको मितिबाट प्रस्तुत मुद्दाको फिराद ऐनको हदम्यादभित्र परेको भन्ने मिसिलबाट देखिइरहेको हुँदा तथ्यमा प्रवेश गरी फैसला गर्नुपर्नेमा नगरपालिकाले पहिला अर्कै प्रसंगमा सुनाएको मितिबाट फिराद हदम्याद नघाई परेको भनी वादी दावी खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत, बुटवलको मिति २०६६।३।२६ को फैसला मिलेको नदेखिँदा सो फैसला बदर गरिदिएको छ। अब जे जो बुझ्नु पर्ने बुझी कानूनबमोजिम फैसला गर्नु भनी मुद्दाका दुबै पक्षलाई तारिख तोकी मिसिल पुनरावेदन अदालत, बुटवलमा पठाई दिने।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल मंसिर २६ गते रोज २ शुभम्।

- यसै प्रकृतिको २०६६ सालको CI-०४५८, जग्गा खिचोला मेटाइ कब्जा हटाई चलन चलाईपाऊँ, *राजीवकुमार शर्मा वि. विष्णुमान श्रेष्ठ समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

६

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री वैद्यनाथ उपाध्याय,** पुनरावेदन नं. ०६६-CR-०७२९, लुटपीट, *रवीन्द्र महतो वि. सबुरी राउत भेडिहर समेत*

प्रतिवादीमध्ये को कतिजनाले सबैला गा.वि.स. को जग्गाको बाली लुटपीट गर्ने कार्य गरेका हुन् र को कतिजनाले अन्य गा.वि.स. मा रहेको जग्गाको बाली लुटपीट गरेको हुन् भन्ने कुरा पनि फिरादपत्रमा खुलाइएको छैन। वादीले आफ्नो दावीलाई पुष्ट्याई गर्न बकपत्र गराएका साक्षीहरू रामवली साह र जिवछ मण्डलले पनि वादी दावीका जग्गाहरू एकआपसमा नजिकै रहेको भनी बकपत्र गरेको पाइँदैन। तीन फरक-फरक गा.वि.स. मा अवस्थित जग्गाहरूमा प्रतिवादीहरूले एकै पटक धान लुटी लगेका भन्ने अन्य वस्तुनिष्ठ प्रमाणको अभावमा प्रतिवादीहरूले वादीको रघुनाथपुर गा.वि.स. र तेजनगर गा.वि.स.मा पर्ने जग्गाको बाली पनि लुटपीट गरेको भन्ने दावी नपुग्ने नै देखिन्छ। यस अवस्थामा वादी दावीको सबैला गा.वि.स. अन्तर्गतका कि.नं. ६, २२७, २, ४ का जग्गाहरूमध्ये मात्र धानबाली प्रतिवादीले लुटपीट गरी लगेको ठहर हुने।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल असार ३१ गते रोज ६ शुभम्।

७

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-CR-०७०१, भ्रष्टाचार, *खेमराज पोखरेल वि. नेपाल सरकार*

शैक्षिक योग्यताको प्रमाणपत्रबाट कुनै लाभ नलिएको भने पनि यी प्रतिवादीको शैक्षिक योग्यताको प्रमाणपत्र जारी गर्ने निकायबाटै प्रतिवादीको प्रमाणपत्रमा उल्लिखित अनुक्रमाङ्क अनुदानित नभएको भनी लेखी आएको र यस्तो प्रमाणपत्रको छानबीन गर्ने आधिकारिक निकायबाटै प्रतिवादीको शैक्षिक योग्यताका प्रमाणपत्रलाई नक्कली भनी रहेको अवस्थामा पुनरावेदक प्रतिवादीको इन्टरमिडियटको प्रमाणपत्र सक्कली हो भनी मान्न नमिल्ने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल कात्तिक ८ गते रोज ३ शुभम् ।

८

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री कमलनारायण दास,** २०६५ सालको रिट नं. ०६५-WO-०१५६, उत्प्रेषण, *मुसहरू यादव वि. भूमिसुधार कार्यालय, सप्तरी राजबिराज समेत*

प्रस्तुत बाँडफाँडमा तर्फमा मोही तथा जग्गाधनी दुबैको व्यहोरामा तर्फमा केरमेट भएको अवस्थातर्फ दृष्टिगत गर्दा जग्गाको अहिलेको भौतिक प्रकृति हेर्दा दक्षिणतर्फ मात्र बाटो रहेको देखिएको स्थितिमा जग्गाको वास्तविक भौतिक प्रकृति र अवस्था बुझ्दै नबुझी बाटो भएतर्फको सबै जग्गाधनीलाई र बाटोले छुनै नसक्ने जग्गा मोहीलाई भनी तर्फ कायम गरी जग्गा बाँडफाँड गरिएको निर्णयमा न्यायिक मनको र न्यायिक विवेकको प्रयोग गरी निर्णय भएको भनी अर्थ गर्न नसकिने ।

विवादित कि.नं. २६० को जग्गाको बाँडफाँडको निर्णय गर्ने क्रममा न्यायिक मन र न्यायिक विवेकको प्रयोग नै नगरी मोही र जग्गाधनीलाई जग्गाको प्रकृतिअनुसार जग्गा बाँडफाँड गर्ने निर्णय नगरेकोले उक्त २०६४।१०।२९ को विवादित निर्णय भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६घ को व्यवस्था र मर्मअनुसार भएको भन्ने देखिएन । तसर्थ कानूनी त्रुटिपूर्ण भएको उक्त निर्णयबाट यी निवेदकको संविधानप्रदत्त सम्पत्तिसम्बन्धी हकमाथि आघात परेकोले उत्प्रेषणको आदेश जारी गरी उक्त कि.नं. २६० को हकमा सम्म उक्त निर्णय बदर गरिदिएको छ । अब विवादित कि.नं. २६० को जग्गामा दक्षिणतर्फ बाटो रहेको देखिँदा आवश्यक भए सो सम्बन्धमा प्रमाण समेत बुझी दुबै पक्षले समानरूपले सो बाटोको प्रयोग गर्न पाउने गरी मोही र जग्गाधनीलाई समानरूपले नरम गरम मिलाई विवादित कि.नं. २६० को जग्गाको उत्तर दक्षिण चिरा पारी न्यायोचित रूपले जग्गा बाँडफाँड गर्नु भनी विपक्षी भूमिसुधार कार्यालय, सप्तरीका नाउँमा परमादेशको आदेश समेत जारी हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल कात्तिक ३० गते रोज ४ शुभम् ।

९

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री कमलनारायण दास,** ०६७-WO-०८४३, उत्प्रेषण परमादेश, *ज्ञानु कार्की वि. हेमबहादुर कार्की समेत*

निवेदिकाका पति रामबहादुर कार्की वादी भै अंश मुद्दा चलेको र तह-तह हुँदै सर्वोच्च अदालतबाट समेत मिति २०६६।८।१० मा फैसला भई सो फैसला हालसम्म यथावत कायम रहिरहेको र सो अंश मुद्दाका वादी प्रतिवादीहरूबाट पेश भएको तायदातीमा उल्लिखित कि.नं. ९३ र ९४ को जग्गा समेत बण्डा छुट्ट्याउने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।११।१२ मा भएको आदेशमा कुनै कानूनी त्रुटि नदेखिँदा त्यसबाट यी निवेदिकाको सम्पत्तिसम्बन्धी हकलगायत कुनै पनि कानूनी हकमाथि आघात परेको नदेखिँदा उक्त आदेश बदर गर्ने गरी निवेदिकाको मागबमोजिमको आदेश जारी हुन नसक्ने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल कात्तिक ३० गते रोज ४ शुभम् ।

## इजलास नं. ६

१

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री सुशीला कार्की,** २०६७-WO-०१९२, उत्प्रेषणयुक्त

परमादेश, *सुदर्शन विष्ट वि. जिल्ला वन कार्यालय, हेटौंडा, मकवानपुर समेत*

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २८ ले उक्त ऐनअन्तर्गतको कसूरमा प्रयोग गरिएका सवारी साधन जफत गर्ने कानूनी व्यवस्था गरेकोमा अभियोगपत्रमा उक्त सवारी साधन जफतको माग दावी रही दशीको रूपमा अभियोगपत्रसाथ पेश भएको देखिएको र त्यस्तो दसीको सवारी साधन सम्बन्धित सवारीधनीलाई फिर्ता दिने कुनै कानूनी व्यवस्था निवेदकले देखाउन नसकेको समेतका आधारमा जिल्ला वन कार्यालय मकवानपुर र पुनरावेदन अदालत, हेटौंडाबाट भएको आदेशले निवेदकको संविधानद्वारा प्रदत्त मौलिक हकमा आघात पुगेको नदेखिँदा पुनरावेदन अदालत, हेटौंडाबाट भएको मिति २०६७।४।२७ को आदेश बदर गरी निवेदनमा उल्लिखित सवारी साधन निवेदकलाई फिर्ता दिनु भन्ने आदेश जारी गर्नुपर्ने नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल फागुन १७ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री सुशीला कार्की,** २०६७-WO-१००७, उत्प्रेषणमिश्रित परमादेश, *प्रेमकाजी शाक्य समेत वि.चिनीमाया शाक्य*

निवेदक प्रेमकाजी शाक्य समेत वादी र चिनीमाया शाक्य समेत प्रतिवादी भई मिति २०६६।१।१४ मा काठमाडौं जिल्ला अदालतमा दायर भएको दे.नं. ५१०६, ५१०७ का दूषित निर्णय बदर दर्ता मुद्दामा काठमाडौं जिल्ला अदालतबाट जग्गा रोक्का राख्ने गरी भएको आदेश पुनरावेदन अदालत, पाटनले बदर गरेउपर प्रस्तुत रिट दायर भएको देखियो । उक्त मुद्दामा दावी लिइएका कि.नं. १६४, ३३५, ३३२, १६९, ३२९ समेतका जग्गामध्ये कि.नं. १६४, १६९ र ३२९ का जग्गा उमेश कार्कीका नाउँमा र कि.नं. ३३५ र ३३२ का जग्गा इन्द्रमणि कपालीका नाउँमा हक हस्तान्तरण भइसकेकोले काठमाडौं जिल्ला अदालतमा यिनै निवेदकले आफू वादी भई दे.नं. ५१९२ र ५१९३ का लिखत दर्ता बदर मुद्दा दायर गरेको देखिन आउँछ । उक्त दे.नं. ५१९२ र ५१९३ का मुद्दामा यी निवेदकले प्रस्तत निवेदनमा उल्लिखित जग्गा रोक्का राखिपाऊँ भनी दिएको निवेदनअनुसार काठमाडौं जिल्ला अदालतबाट मिति २०६७।१।२० मा ती जग्गा रोक्का राखी सकिएको इजलाससमक्ष पेश हुन आएको मिसिलबाट देखिन आउँछ । यसरी निवेदनमा उल्लिखित जग्गा यिनै निवेककको मागअनुसार अरू नै मुद्दाबाट रोक्का रहिसकेको देखिन आएकोले प्रस्तुत निवेदनको औचित्य देखिन आएन । तसर्थ काठमाडौ. जिल्ला अदालतबाट मिति २०६७।१।२० मा भएको आदेशअनुसार निवेदनमा उल्लिखित जग्गा रोक्का रहिरहेको देखिँदा प्रस्तुत निवेदनको प्रयोजन समाप्त भइसकेको तथा निवेदन निष्प्रयोजन भएकोले प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः किशोर घिमिरे

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल फागुन १७ गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** ०६४-CI-०६२३, जग्गा खिचोला मेटाई घर उठाई चलन, *फतमा खातुन वि. मुस्ताक मिया*

सर्जमीनमा आफ्नो व्यहोरा लेखाइदिने विवादित घरमा दक्षिणपूर्वतर्फका साँधियार अजीम साहले आफू हाल ४५ वर्षको भएको र सो घर आफूले थाहा पाउँदादेखि सोही ठाउँमा रहेको भनी लेखाएको देखिन्छ । विवादित घरको दक्षिण-पश्चिमतर्फको साँधियार इस्लाम अन्सारीले विवादित घरलाई पुरानो भूईंतले घर भनी उल्लेख गरेको देखिन आउँछ । विवादित घरको पूर्वतर्फका साँधियार रफिद मियाँले विवादित घरलाई ४० वर्ष अघिदेखि बसोबास गरी आएको भनी लेखाएको देखिन्छ । विवादित घरको पूर्वतर्फका अर्का साँधियार ऐजुब साहले विवादित घरलाई पुरानो घर भनी उल्लेख गरेको देखिन आउँछ भने दक्षिणतर्फका साँधियार उसमान अन्सारी र दक्षिण-पश्चिमतर्फका साँधियार सुलेमान अन्सारीले प्रतिवादीले मिति २०६०।८।२१ मा बनाई भोग गरेको भनी उल्लेख गरेको देखिन आउँछ । यी पुनरावेदक वादीले उक्त घर प्रतिवादीले मिति २०६०।८।२१ मा बनाएको भन्ने उल्लेख गरेको देखिन्छ, तर त्यसलाई प्रमाणित गर्न कुनै विश्वसनीय प्रमाण प्रस्तुत गरेको देखिँदैन । अदालतको आदेशानुसार मिति २०६४।१।२९ मा भएको स्थलगत सर्जमीन मुचुल्काबाट विवादित घर पुरानो रहेको देखिएकोले सर्जमीन

मुचुल्कामा सो घर पहिले नै निर्माण भएको भनी व्यहोरा उल्लेख गर्ने व्यक्तिहरूको भनाई समर्थित भई वादीले सो घर निर्माण गरेको भनी दावी लिएको मितिभन्दा पहिलेदेखि नै सो घरमा प्रतिवादीको बसोबास एवं भोगचलनमा रहेको देखिन आएकोले न.नं. ५ मा देखाइएको घरको हकमा वादी दावी नपुग्ने।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल माघ १५ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** ०६७-WO-१०१०, उत्प्रेषण/परमादेश, *राजाराम मुखिया समेत वि. जिल्ला विकास समितिको कार्यालय, रौतहट, गौर समेत*

रिट निवेदकले उक्त बैठकमा उपस्थित हुने गोरखप्रसाद यादव बाहेकका अन्य व्यक्तिहरूलाई रिट निवेदनमा विपक्षी बनाउन सकेको देखिँदैन। निर्णय बदर गर्न माग गरी परेको रिट निवेदनमा विपक्षी नबनाइएको कारणले उक्त बैठकमा उपस्थित गोरखप्रसाद यादव बाहेकका अन्य २२ जना प्रतिनिधि सदस्यहरूले आफू समेत भई गरेको निर्णयको प्रतिरक्षा गर्न नपाउने हुँदा निजहरूलाई प्राकृतिक न्यायको सिद्धान्तबमोजिम सुनुवाइको हकबाट बञ्चित गर्नु मनासिब हुँदैन। यसको अतिरिक्त निवेदकले उक्त बैठकले आफ्नो मानिसलाई सार्वजनिक पोखरी ठेक्कामा दिई मनोमानी निर्णय गरेको भनी लिएको जिकीरको सम्बन्धमा विचार गर्दा सो निर्णय पुस्तिकाको निर्णय नं. ५ मा पोखरी सम्बन्धमा पहिले नै भएको निर्णयलाई उक्त बैठकले अनुमोदनसम्म गरेको देखिन आउँछ। निवेदकले उक्त बैठकले आर्थिक अनियमितता गरेको, बजेट मनोमानी खर्च गरेको भन्ने समेतको जिकीर लिएको देखिन्छ। सो सम्बन्धमा गाउँ परिषद्ले आफ्नो गाउँ विकास समितिको बजेट बाँडफाँड एवं विनियोजन गर्नसक्ने नै देखिएको र अनियमितता वा भ्रष्टाचार भएको भए सो सम्बन्धमा कानूनबमोजिम कारवाही हुनसक्ने नै हुँदा यस अदालतको असाधारण क्षेत्राधिकारबाट सो तर्फ प्रवेश गर्नुपर्ने अवस्था नदेखिँदा बदर गर्न माग गरिएको कार्य वा निर्णय यो कानूनसँग यसरी बाझिएको र त्यसबाट आफ्नो संवैधानिक वा कानूनी हकमा यसरी आघात पुगेको भनी स्पष्ट जिकीर लिएको अवस्थामा मात्र यस अदालतको असाधारण अधिकारक्षेत्र प्रयोग हुने संवैधानिक व्यवस्था रहेको परिप्रेक्ष्यमा प्रस्तुत मुद्दामा सो अवस्थाको विद्यमानता समेत देखिन नआउने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः मन्दिरा रानाभाट

इति संवत् २०६८ साल माघ १७ गते रोज ३ शुभम्।

५

**मा.न्या.श्री गिरीश चन्द्र लाल र मा.न्या.श्री कमलनारायण दास,** ०६७-WO-१०८७, उत्प्रेषणयुक्त परमादेश, *निरस यादव वि. निजामती किताबखाना समेत*

सिटरोलमा उल्लिखित मितिको आधारमा यी निवेदकको अवकाश हुने मिति २०७०।१।१० देखिन आउँछ भने निजको शैक्षिक योग्यतामा उल्लिखित जन्ममितिको आधारमा अवकाश मिति २०७०।९।९ देखिन आउँछ। निवेदकको नागरिकताको आधारमा निजको ५८ वर्ष पूरा हुने मिति २०६९।३।२८ देखिन आई अवकाश हुने मितिमा विविधता रहेको देखिन्छ। निजामती सेवा ऐन, २०४९ को दफा ३३(३) को कानूनी व्यवस्थाअनुसार यी निवेदकको अवकाश हुने मितिमा विभिन्नता देखिएकोले निवेदकले उल्लिखित विभिन्न मितिहरूमध्ये पहिले अवकाश हुन नागरिकताअनुसारको मिति २०६९।३।२८ बाट अवकाश पाउने देखिएको र सोही मितिबाट आफूले अवकाश पाउनुपर्ने भनी रिट निवेदनमा उल्लेख गरेको पाइन्छ। यी निवेदकको अवकाश हुने मिति गणना गर्दा फाराम भरेको मितिभन्दा पहिलेको मितिबाट हिसाब गरी निजामती किताबखानाले गणना गरेको निवेदकको अवकाश हुने मिति कानूनसम्मत् नदेखिएको र निवेदकको उमेर ५८ वर्ष पूरा भई निजले अवकाश हुने मितिमा विविधता देखिएको अवस्थामा निवेदकले नै पहिले अवकाश हुने मितिबाट अवकाश पाऊँ भनी निवेदन जिकीर लिएको र सोहीबमोजिमको कानूनी व्यवस्था निजामती सेवा ऐन, २०४९ को दफा ३३(३) मा रहेको देखिएकोले निजको अवकाश हुने मिति २०६९।३।२८ कायम हुने।

निजामती सेवा ऐन, २०४९ को दफा ३३(३) अनुसार यी निवेदकको शैक्षिक प्रमाणपत्र, निजले

भरेको सिटरोल एवं निजले प्राप्त गरेको नागरिकताको प्रमाणपत्रमा उल्लिखित उमेरहरूमध्ये निजले प्राप्त गरेको नागरिकताअनुसारको पहिले अवकाश हुने मिति २०६९।३।२८ देखिएकोले निजामती किताबखानाले निवेदकको अनिवार्य अवकाश मिति २०६८।४।४ कायम गरेको मिलेको नदेखिँदा उक्त मितिमा अवकाश दिने गरी गरेको निर्णय र मिति २०६८।१२।८ को पत्र उत्प्रेषणको आदेशले बदर हुने ।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल पुस १९ गते रोज ३ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री कमलनारायण दास,** ०६७-CR-०२४६, कर्तव्य ज्यान, *सविना भुजेल वि. नेपाल सरकार*

प्रतिवादी आफूले आरोपित कसूर गरेकोमा सावित भई अनुसन्धान अधिकारीसमक्ष तथा अदालतमा समेत बयान गरेको अवस्था छ । आफू फुपूको घरमा बस्दाका बखत फुपूको जेठाजु नाताका रामबहादुर भुजेलसँग गाईवस्तु चराउन जाँदाका बखत राजीखुशीसाथ शारीरिक सम्पर्क भएको र सोही सम्पर्कबाट आफूले गर्भधारण गरेको र मिति २०६५।९।२१ मा छोरी जन्माई नवजात शिशुको घाँटीमा आफ्नो पेन्टीले बाँधी मारेर फालेको कुरा प्रतिवादीले सो बयानमा उल्लेख गरेको देखिन्छ । Autoopsy Report हेर्दा The Cause of death "Airway obstruction due to Strangulation after birth" उल्लेख भएको देखिँदा प्रतिवादीको मौकाको तथा अदालतको बयानलाई पुष्टि गरिदिएको पाइन्छ । यसरी अविवाहित प्रतिवादीले आफ्नै फुपूको जेठाजु नाता पर्ने रामबहादुर भुजेलसँगको अवैध यौन सम्पर्क नाताबाट गर्भधारण गरी छोरी जातक शिशुको जन्म दिई सामाजिक इज्जतको डरले हत्या गरेको पुष्टि भएको देखिँदा निज प्रतिवादी सविना भुजेललाई ज्यानसम्बन्धी महलको १३(३) बमोजिम सजाय हुने र अवैध यौन सम्बन्धबाट जन्मिएको बच्चालाई केवल समाज तथा इज्जतको अपगालबाट बँच्न आफैले जन्माएको जातकको हत्या गरेको देखिँदा निजलाई ऐनबमोजिम सजाय गर्दा चर्को पर्ने हुँदा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम पाँच वर्ष मात्र सजाय हुने ।

इजलास अधिकृतः रामप्रसाद भट्टराई

कम्प्युटरः मुक्ता प्याकुरेल

इति संवत् २०६८ साल पुस ७ गते रोज ४ शुभम् ।

## इजलास नं. ९

१

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या.श्री तर्कराज भट्ट,** ०६६-CI-००७१, ००७२, रैकर परिणत नामसारी दाखिल खारेज, *अजयसिँह सुवाल वि. प्रेम बजुमुनी बज्राचार्य समेत, गंगादेवी सिँह सुवाल वि. प्रेम बजुमुनी बज्राचार्य समेत*

कुनै पनि विवादको निरुपण गर्ने अधिकारक्षेत्र कानूनले स्पष्ट तोकेको निकाय वा पदाधिकारीले मात्र प्रयोग गर्न पाउने हो । बिर्ता उन्मूलन ऐन, २०१६ को दफा ८ र मालपोत ऐन, २०३४ को दफा ३२ को कानूनी व्यवस्थाहरूले मालपोत अधिकृतलाई जग्गाको हक बेहकजस्तो कुरामा सबूद प्रमाण बुझी प्रमाणको मूल्याङ्कन गरी निर्णय गर्ने अधिकार प्रदान गरेको नदेखिँदा मालपोत अधिकृतलाई मालपोत ऐन, २०३४ बमोजिमको कामकारवाहीमा हक बेहकमा निर्णय गर्ने अधिकार नभएको तर बिर्ता उन्मूलन ऐन, २०१६ को कामकारवाही गर्दा हक बेहकमा निर्णय गर्ने अधिकार छ भन्ने जिकीरसँग सहमत हुन नसकिने ।

पुनरावेदक वाणीबहादुर विष्ट र प्रत्यर्थी सुवर्णप्रसाद जोशी भएको देखिँदा खिचोला हक कायम मुद्दामा (*नेकाप* २०५२, नि.नं. ६०९४,पृ. ९१२) प्रतिपादित नजीरमा समेत बिर्ता जग्गाको रैकर परिणत नामसारी सम्बन्धमा विवाद भएपछि मालपोत अधिकृतले अदालतबाट हक कायम गरी ल्याउने गरी भएको आदेशबमाजिम मुद्दा उठान भई तहतह हुँदै सर्वोच्च अदालतबाट विवादको निरुपण भएको देखिँदा प्रस्तुत मुद्दामा सोही प्रकृतिको विवाद रहेकोले सोको निराकरण समेत अदालतबाटै हुनु कानून र न्यायसंगत देखिने ।

इजलास अधिकृतः चित्रबहादुर गुरुङ

इति संवत् २०६८ चैत १६ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या.श्री तर्कराज भट्ट,** ०६५-CI-०६२०, लेनदेन, *विमला (श्रेष्ठ) महर्जन वि. गणेशमान महर्जन*

के प्रयोजनका लागि ऋण लिएको हो र सो प्रयोजन पूरा भयो भएन भन्ने कुराले साहूबाट कानूनबमोजिमको लिखत खडा गरी ऋण लिएपछि कानूनको रीत पुऱ्याई सो ऋण तिर्ने दायित्व वहन गर्ने कुरामा कानूनतः तात्विक असर गर्ने विषय होइन। कपाली तमसुकमा कामको प्रयोजन खोली लिएको ऋणको रकम सोही काममा नै प्रयोग गर्नुपर्ने बाध्यात्मक कानूनी व्यवस्था नभएको र त्यस्तो रकम त्यही काममा प्रयोग भयो भएन भन्ने विषय न्यायिक छानबीनको विषय पनि नभएकोले माइक्रोबस आयातका लागि एल.सी. खोल्न गणेशमान श्रेष्ठसँग तमसुकमा नै उल्लेख गरी ऋण लिएको र माइक्रोबस निज गणेशमान श्रेष्ठकै नाममा आयात गरेको साथै सो माइक्रोबस समेत निजकै कब्जामा रहेकोले तमसुकबमोजिमको ऋण तिर्नु नपर्ने भन्ने पुनरावेदन जिकीरसँग सहमत हुन नसकिने।

इजलास अधिकृतः चित्रबहादुर गुरुङ

इति संवत् २०६८ चैत १६ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६५-CI-०५६६, परमादेश, *मधुसुदन पुरी वि. कारागार कार्यालय, नख्खु, ललितपुर*

प्रस्तुत मुद्दाका विपक्षी भक्तपुर जिल्ला अदालतले लिखत बदर र जालसाजी मुद्दाको मिति २०६२।३।२८ मा दरपीठ भएको फिरादपत्र र प्राप्त रकम रू. ४९०।- समेत च.नं. ६७०३ मिति २०६२।३।२९ को पत्रबाट कारागार शाखा नख्खुमा पठाएको भन्ने देखिन्छ भने कारागार कार्यालय नख्खुको च.नं. ६३ मिति २०६२।४।११ को पत्रबाट उक्त फिरादपत्र र दस्तूर रकम निवेदक मधुसुदन पुरीलाई बुझाई सोको जानकारी भक्तपुर जिल्ला अदालतमा पठाएको भन्ने विपक्षी कारागार कार्यालयको लिखित जवाफ समेतबाट देखिन्छ। उल्लिखित व्यहोराबाट नै निवेदकले फिरादपत्र र दस्तूर रकम बुझिलिएको कुरामा विवाद नदेखिएको हुँदा निवेदकको मागबमोजिमको परमादेशको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिने।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

इति संवत् २०६८ साल माघ २६ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६७ सालको दे.पु.नं. ०९३७, निषेधाज्ञा, *सरेहु वातर भन्ने सरेह वातर वि. विश्वनाथ भण्डारी समेत*

जग्गाधनीलाई आफ्नो जग्गामा बिना रोकटोक खनजोत गर्न र बाली लगाउन पाउने अधिकार रहेको हुन्छ। मोही लगत कट्टा भइसकेको जग्गामा हक नै नभएको व्यक्तिले मेरो मोही जग्गा हो भनी जग्गावाला हकदारलाई खनजोत गर्नबाट रोक लगाउन नमिल्ने।

इजलास अधिकृतः गेहेन्द्रराज रेग्मी

कम्प्युटरः शम्भुप्रसाद शाह

इति संवत् २०६८ साल माघ २६ गते रोज ५ शुभम्।

५

**मा.न्या.श्री भरतराज उप्रेती र मा.न्या.प्रा.डा.श्री भरतबहादुर कार्की,** २०६७ सालको रिट नं. ०३२३, उत्प्रेषणयुक्त परमादेश, *तिलकप्रसाद शर्मा वि. शिक्षक सेवा आयोग, सानोठिमी, भक्तपुर समेत*

निवेदकले जुन पदमा बढुवा हुनुपर्ने भनी दावी लिई प्रस्तुत रिट निवेदन दायर गरेको हो सोबमोजिम निजले बढुवा पाई कामकाज गरिसकेको अवस्था हुँदा निवेदनमा लिएको दावीको औचित्य नै समाप्त भइसकेको देखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः फणिन्द्र पराजुली

कम्प्युटरः शम्भुप्रसाद शाह

इति संवत् २०६८ साल फागुन ४ गते रोज ३ शुभम्।

## इजलास नं. १०

१

**मा.न्या.श्री वैद्यनाथ उपाध्याय र मा.न्या.श्री तर्कराज भट्ट,** ०६४-CR-०२३५, भ्रष्टाचार, *नेपाल सरकार वि. अरुणकुमार रञ्जितकार समेत*

प्रतिवादी २०२९ सालदेखि २०५८।५।२५ सम्म राष्ट्रसेवकको पदमा बहाल रहेका, तत्काल बहाल रहेको भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क को हदम्याद लाग्ने उपरोक्तानुसार तय भएपछि अब प्रतिवादी विरूद्ध दायर गरिएको अभियोगपत्र सो दफाअनुरूपको हदम्यादभित्र छ, छैन भन्ने कुराको निर्णय गर्नुपर्ने देखिन आयो। भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क ले हदम्यादको व्यवस्था गर्दा सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना गरेकोमा हदम्याद नलाग्ने तर सो बाहेक अरू भ्रष्टाचारको कसूरमा विभागीय कारवाही समाप्त भएको मितिले ६ महिनाको र विभागीय कारवाही नभएकोमा अनुसन्धानको कारवाही शुरू भएको मितिले २ वर्षको हदम्याद हुने व्यवस्था गरेको पाइयो। प्रस्तुत मुद्दाको तथ्यमा सरकारी वा सार्वजनिक सम्पत्ति वा नेपाल सरकारको स्वामित्वको सम्पत्ति हिनामिना भएको र अरू भ्रष्टाचारको कसूरमा विभागीय कारवाही भएको पनि देखिएको हुँदा यहाँ विभागीय कारवाही नभएकोमा अनुसन्धानको कारवाही शुरू भएको मितिले २ वर्षको हदम्याद लाग्ने देखिन आयो। हदम्यादको गणना अनुसन्धानको कारवाही शुरू भएको मितिबाट हुने कुरा स्पष्ट देखियो। प्रतिवादी विरूद्ध सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदनबाट प्रारम्भिक अनुसन्धान तहकीकात पूरा गरी प्रतिवेदन पेश गर्न अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६०।५।२५ को निर्णयअनुसार कुमार चुडाललाई अनुसन्धान अधिकृत तोकिएको मिति २०६०।५।२६ को पत्रसंख्या ०६०।६१ च.नं. २५४४ को अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रेषित गरेको पत्रबाट देखिन्छ। तत्पश्चात् मिति २०६१।१।१० को निर्णयबाट सम्पूर्ण अनुसन्धान तहकीकात गर्न चेतनाथ घिमिरेलाई अनुसन्धान अधिकृत तोकिएको तथ्य मिति २०६१।१।२१ को अख्तियार दुरूपयोग अनुसन्धान आयोगको पत्रबाट देखिन्छ। तदनुरूप अनुसन्धान अधिकृत चेतनाथ घिमिरेले प्रतिवादी अरूणकुमार रञ्जितकारसँग स्पष्टीकरण सम्बन्धमा उपस्थित हुन आउनु भनी पत्र मिति २०६१।४।१५ मा पत्र पठाएको देखिन्छ र अन्ततः मिति २०६१।११।१८ मा अभियोगपत्र दायर भएको देखिन्छ। यसप्रकार अनुसन्धान अधिकृत २०६०।५।२५ र २०६१।१।१० को निर्णयबाट तोकिएको र मुद्दा २०६१।११।१८ मा दायर भएको देखिँदा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २४क को २ वर्षको हदम्यादभित्रै अभियोगपत्र दायर हुन आएको देखिँदा हदम्यादको आधारमा खारेज गरेको विशेष अदालत, काठमाडौंको मिति २०६३।३।२१ को फैसला नमिलेको हुँदा बदर हुने।

इजलास अधिकृतः मनोज श्रेष्ठ

इति संवत् साल फागुन ३० गते रोज ३ शुभम्।

## एकल इजलास

१

**स.प्र.न्या.श्री खिलराज रेग्मी,** रि.नं. २०६८-WO-०७००, उत्प्रेषण परमादेश, *लक्ष्मीप्रसाद घिमिरे समेत वि. विष्णुकुमारी घिमिरे समेत*

अदालतले प्रचलित कानूनको दायराभित्रै रही आफ्नो कामकारवाही सञ्चालन गर्दछ। कानूनले निर्दिष्ट गरेको प्रक्रियाभन्दा बाहिर गएर नागरिकहरूको संविधान र कानूनप्रदत्त हकाधिकार हनन् गर्ने उद्देश्य अदालतको हुँदैन र त्यस्तो दृष्टिकोणबाट न्यायिक कामकारवाही सञ्चालन गरिएका पनि हुँदैनन्। फैसला कार्यान्वयनको प्रक्रिया पनि न्यायिक प्रक्रियाकै अभिन्न अंग हो। फैसला कार्यान्वयनको मुख्य जिम्मेवारी प्रचलित कानूनले तहसिलदार कर्मचारीलाई दिएको भए तापनि निजले प्रचलित कानूनको रीत नपुर्‍याई वा गैरकानूनी ढंगबाट फैसला कार्यान्वियन गरेको भन्ने सम्बन्धमा १५ दिनभित्र उजूरी दिनुपर्ने र त्यस्तो अवस्था र स्थितिको विद्यमानता पाइएमा तहसिलदार कर्मचारीको आदेश बदर गर्ने अधिकार मुलुकी ऐन, दण्ड सजायको ६१ नं. ले सम्बन्धित जिल्ला न्यायाधीशलाई प्रदान गरेको पाइन्छ। त्यस्तै जिल्ला न्यायाधीशको आदेशमा चित्त नबुझेमा अ.बं. १७ नं. बमोजिम पुनरावेदन तहको अदालतमा निवेदन दिन सकिने व्यवस्था समेत सोही ६१ नं. मा भएको छ। यसबाट फैसला कार्यान्वयनको कामकारवाहीमा तहसिलदार कर्मचारीबाट कुनै कमी कमजोरी वा त्रुटि हुन पुगेमा न्यायिक प्रक्रियाबाटै त्यस्तो त्रुटि संशोधन वा सुधार हुनसक्ने कानूनी उपचारको व्यवस्था समेत समाहित भएको पाइन्छ। तर त्यसको लागि उपचार प्रदान गर्ने कानूनले तोकेको कार्यविधि वा प्रक्रिया सम्बन्धित पक्षले बाध्यात्मक रूपमा पालना गरेको हुनुपर्ने।

तहसिलदारबाट भएको तामेली जगाउने आदेशका सम्बन्धमा जानकारी भैसकेपछि त्यसमा चित्त नबुझेमा १५ दिनभित्र दण्ड सजायको ६१ नं. बमोजिम जिल्ला न्यायाधीशसमक्ष उजूर गर्नु पर्नेमा करीव ३ महिना तारिखमा रहेपछि मिति २०६८।१।७ मा मात्र सो आदेशका सम्बन्धमा जानकारी भएको भनी मिति २०६८।१।१४ मा परेको निवेदन दण्ड सजायको ६१ नं. मा निर्दिष्ट १५ दिन म्याद नघाई पर्न आएको प्रष्ट देखिएको हुँदा त्यस्तो निवेदनबाट कुनै कारवाही हुन सक्ने अवस्था देखिएन। त्यसैले १५ दिन नघाई पर्न आएको निवेदनबाट तहसिलदारको आदेश बदर गर्न नमिल्ने भनी जिल्ला न्यायाधीश र पुनरावेदन अदालत समेतबाट भएको आदेश कानूनसम्मत् देखिएको र त्यसरी कानूनी कार्यविधि र कानूनी प्रक्रियालाई विचार गरी भएका कानूनसम्मत् आदेशहरूबाट निवेदकको संविधान र कानूनप्रदत्त कुनै पनि हक अधिकार हनन् भएको अवस्था देखिन नआएकोले प्रत्यर्थीहरूबाट लिखित जवाफ मगाई प्रक्रिया अगाडि बढाइरहनु पर्ने नै देखिन आएन। अतः प्रथमदृष्टिमा नै निवेदन जिकीर आधारहीन देखिन आएको प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः नारायणप्रसाद सुवेदी

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६८ साल माघ २३ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री भरतराज उप्रेती,** ०६८-WO-०७६६, उत्प्रेषणयुक्त परमादेश, *भीमबहादुर पाल वि. गृह मन्त्रालय समेत*

प्रहरी कर्मचारीको हैसियतले अनुशासनको कडा परीक्षामा खरो उत्रनु पर्ने जिम्मेवार प्रहरी कर्मचारीले यस पूर्व पनि पटक-पटक विभागीय कारवाही हुँदा पटक-पटक सजाय पाएको देखिएकोमा निजले आचरण सुधार गरी अनुशासित कर्मचारी बन्नुको सट्टा उल्टै डिउटीको समयमा तथा सोको अघि पछि मादक पदार्थ (रक्सी) सेवन गरी ब्यारेकमा तथा बजारक्षेत्रमा समेत होहल्ला गरेको कसूर अभियोगमा अधिकारप्राप्त अधिकारीबाट स्पष्टीकरण सोधी निवेदकलाई नोकरीबाट हटाउने निर्णय गरेको देखिएको र सो निर्णयउपर पुनरावेदन पर्दा समेत पुनरावेदन तहबाट निवेदकलाई नोकरीबाट हटाउने गरेको निर्णय सदर भएको अवस्था देखिँदा उक्त निर्णय एवं तत्पश्चात्को कामकारवाही कानूनविपरीतको नदेखिँदा अनशासनहीन प्रहरी कर्मचारीलाई विभागीय कारवाहीको सिलसिलामा नोकरीबाट हटाएको देखिएको, त्यसरी हटाउँदा अधिकारप्राप्त अधिकारीबाट कानूनको उचित प्रक्रिया अपनाई स्पष्टीकरण सोधी नोकरीबाट हटाउने निर्णय गरेको, सो निर्णय पुनरावेदन तहबाट समेत सदर भएको अवस्थामा उक्त निर्णय एवं कामकारवाहीमा कानूनको प्रथमदृष्टिमा नै कुनै त्रुटि नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः कमलराज विष्ट

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल फागुन १५ गते रोज २ शुभम्।

३.

**मा.न्या.श्री भरतराज उप्रेती,** २०६८ सालको WO-०८१४, उत्प्रेषण समेत, *ठाकुरप्रसाद याखा वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

निवेदकले साधारण कानूनी उपचार गराउने पर्याप्त बाटो अवलम्बन गर्ने अवस्था छँदाछँदै अर्थात् निवेदकले विपक्षी बनाएका निकायमा नै समयमै गई आफूलाई अन्याय परेको निवेदन दिन सक्ने अवस्था छँदाछँदै निवेदक बाटो बिराई प्रस्तुत रिट लिएर यस अदालतमा प्रवेश गरेको देखिन्छ। साथै रिट निवेदकले मिति २०६४।२।१६ को निर्णय बदर गरिपाऊँ भनी २०६८।१२।२८ मा करीब ४ वर्ष १० महिना १२ दिनपछि अत्यधिक विलम्ब गरी प्रस्तुत रिट निवेदन लिई यस अदालतमा आएको देखिन्छ–। यसरी ४ वर्ष १० महिना १२ दिन अगावै भएको निर्णय बदर गरिपाउन यति लामो विलम्ब गरी आउनु पर्नाको विश्वसनीय आधार र कारण रिट निवेदकले निवेदनमा उल्लेख गर्न वा खुलाउन सकेको समेत नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः परशुराम भट्टराई

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल फागुन ३० गते रोज ३ शुभम्।